वायु प्रदुषणबाट बचौं र बचाऔं
- वायु प्रदूषणबाट श्वासप्रश्वासमा असर पर्ने भएकाले घरबाहिर निस्कँदा मास्कको प्रयोग गरौं,
- सवारी साधनको सकेसम्म कम प्रयोग गरौं,
- रूख बिरूवा रोपौं र हरियाली बढाऔं,
- दाउरा र कोइलाको सट्टा नवीकरणीय ऊर्जाको प्रयोग गरौं,
- सडक र निर्माणस्थलवाट निस्कने धूलो व्यवस्थापन गरौं,
- श्वासप्रश्वास सम्बन्धी समस्या आएमा स्वास्थ्य परीक्षण गराऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक

राष्ट्रिय 'क' वर्ग

दैनिक

eprateekdaily.com



निशुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३८ ❖ २०८१ माघ ०९ गते बुधवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2025 January 22 Wednesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १४५

## बझियानमा पुतला र थरुहटमा मचानबाट बालीको सुरक्षा



पर्साको ठोरी गाउँपालिकाको ब्रह्मनगरमा जङ्गली जनावरबाट बाली जोगाउन किसानहरूले पहरेदारीका लागि बनाएको मचान र जगरनाथपुर गाउँपालिका तथा बाराको निजगढ नगरपालिकामा खेतमा राखिएका पुतला । तस्वीर: प्रतीक

धर्मेन्द्र चौरसिया, पोखरिया, ७ माघ/

पर्सा जिल्लाको गण्डक नहरदेखि उत्तरतर्फ थरुहट क्षेत्रका किसानहरू जङ्गली र घरेलु जनावरहरूबाट बाली जोगाउनका लागि मचान बनाएर खेतको सुरक्षा गर्छन् भने गण्डक नहरदेखि दक्षिण भेगका किसानहरू खेतमा पुतला बनाएर पशु चौपाया र चराचुरुङ्गीहरूबाट बाली जोगाउँदै आएका छन् ।

थरुहट क्षेत्रमा गहुँ, मकै, आलु, तोरी, सुर्ती खेती जङ्गली जनावरहरूबाट जोगाउनका लागि किसानहरू मचान बनाएर चीसोमा पहरेदारी गर्छन् । पर्सा राष्ट्रिय निकुञ्ज, चितवन राष्ट्रिय निकुञ्ज तथा राष्ट्रिय वनबाट जङ्गली जनावरहरू आएर बाली नष्ट गर्छन् । वन क्षेत्रसँग जोडिएका खेतहरूमा किसानहरू मचान बनाएर ढोलक, टीन, पटका, मशाल आदि लिएर जङ्गली जनावर धपाउन सक्रिय हुन्छन् । दिनभरि घरेलु गाईवस्तुहरू र चराचुरुङ्गीबाट बाली जोगाउनका लागि थरुहट क्षेत्रमा थोरै सङ्ख्यामा पुतलाहरूको प्रयोग गरिन्छ । अधिकांश खेतमा जङ्गली जनावरहरूको आक्रमण हुने गरेकाले यहाँका किसानहरू मचान बनाएर साँझदेखि पहरेदारीमा खटेका हुन्छन् ।

बझियानमा भने गाईवस्तु, नीलगाई र चराचुरुङ्गीहरूबाट बाली जोगाउनका लागि पुतलाको प्रयोग बढी हुने गरेको छ । मानिस आकारको पुतला खेतको बीच भागमा राख्दा गाईवस्तु, चराचुरुङ्गीहरूले बालीलाई नोक्सान नपुऱ्याउने र यसको प्रतिफल पनि राम्रो हुने गरेको जगरनाथपुर गाउँपालिका-५ धर्मपुरका किसान धोडा पण्डित बताउँछन् । उनले बझियानमा नीलगाईले बालीमा उपद्रो गर्ने गरेको बताए । बाली हुर्कंदाको समयमा चराचुरुङ्गीहरू र बाली हुर्की बढेपछि नीलगाईको आतङ्क शुरू हुने गरेको बताए । किसान पण्डितले खेतको बीच भागमा किसानहरूले बाली जोगाउनका लागि पुतलाको प्रयोग गर्दै आएको बताए । पुतलाबाट बालीको सुरक्षा गर्ने परम्परा पुरानो भएको र अहिलेसम्म लाभदायक ठहर भएको उनी बताउँछन् । किसानहरू हरबखत खेतमा गएर पहरेदारी गर्न नसक्ने हुँदा उनीहरूले यस प्रकारको जुक्ति अख्तियार गरेको उनले बताए । ज्यालामा मानिसहरू खटाएर साध्य नहुने भएरै पुस्ता दर पुस्तादेखि पुतला राख्ने प्रचलन रहेको उनले बताए ।

**प्रस, निजगढ/**

बारा जिल्लामा पनि किसानहरूले पुतलाको प्रयोग गरेर बाली जोगाउँदै आएका छन् । जङ्गली र घरेलु जनावरहरू, चराचुरुङ्गीहरूबाट बाली जोगाउन खेतको बीच भागमा मानवरूपी पुतला बनाएर राख्ने गरिएको किसानहरू बताउँछन् । खासगरी गहुँ, तोरी, दलहन, मकै, आलुलगायतका बालीहरूमा जङ्गली र घरेलु जनावरहरू, चराचुरुङ्गीले दुःख दिने गरेको किसानहरू बताउँछन । पुतलाको कारण बालीहरूमा क्षति कम हुने गरेको उनीहरूले बताए ।

## महानगरमा साना तथा ठूला नालाको सफाइ कार्य जारी



प्रस, वीरगंज, ८ माघ/

वीरगंज महानगर अन्तर्गत ३२ वटै वडाका साना तथा ठूला नालाहरूको सफाइ कार्य भइरहेको छ ।

लामखुट्टेको प्रकोप घटाउन र आउँदो वर्षामा पानीको बहाव बढाउनका लागि महानगरपालिकाले साना तथा ठूला नालाको सफाइ कार्य शुरू गरेको हो । वीरगंज महानगरको साझेदार संस्था एके इन्टरनेशनलमार्फत वडा नं १ देखि ३२ सम्म साना नालाहरूको सफाइ कार्य भइरहेको छ भने महानगरपालिकाको सरसफाइ महाशाखाद्वारा १० फिटका ठूला नालाको सफाइ कार्य भइरहेको सरसफाइ प्रमुख सर्फुद्दीन मियाँले बताए ।

पहिलो चरणमा वडा नं १ देखि १६ सम्मका साना नालाहरूको सफाइ कार्य भइरहेको एके इन्टरनेशनलका शिव गुप्ताले बताए । उनले साना नालाहरूको सफाइ गर्दा नालामा पानीको बहावभन्दा माटोको मात्रा बढी भएको बताए । उनले नगरपालिका अन्तर्गत बनेका नाला तथा मझौला शहर एकीकृत वातावरण सुधार योजना तथा सघन शहरी कार्यक्रम अन्तर्गत निर्माण गरिएका नालाहरूमा काठको मात्रा बढी भेटिएको बताए ।

नाला निर्माण गर्दा स्ल्याब बनाउने ठाउँहरूमा काठको प्रयोग भएको र काम सकिएपछि सो काठ ननिकालिएको हुँदा अहिले नाला जाम भएको र ठूलो परिमाणमा काठ निस्किएको गुप्ताले बताए । महानगरका ८० प्रतिशतभन्दा बढी साना नालाहरू माटोले पुरिएको अवस्थामा भेटिएको र ठूलो सङ्ख्यामा मानिस तथा एक्साभेटर प्रयोग गरेर नाला सफाइ कार्य भइरहेको उनले बताए ।

३२ वटै वडाका साना नालाहरूको सफाइ कार्य हुने र अहिले १६ वटा वडालाई लक्षित गरेर पहिलो चरणको कार्य भइरहेको उनले बताए ।

यता, महानगरको सरसफाइ महाशाखाले जिल्ला प्रशासन कार्यालय, पर्सादेखि श्रीसिया नदीसम्म रहेको विश्व बैंकले निर्माण गरेको १० फिटे नाला सफाइ कार्य भइरहेको सरसफाइ महाशाखा प्रमुख मियाँले बताए । उनले एक्साभेटर पुग्ने ठाउँमा एक्साभेटरबाट र नपुग्ने ठाउँमा मानिसहरू खटाएर सफाइ कार्य भइरहेको बताए । नाला जाम भएको कारण लामखुट्टे वृद्धि हुने गरेको र वर्षायाममा पानीको बहाव पनि प्रभावित हुने हुँदा वर्षालाई लक्षित गरेर पनि अहिलेदेखि पूर्वतयारी गरिरहेको उनले बताए ।

## मिटरब्याजपीडितको गुनासो: प्रहरीले कुरा सुनिदिएन

प्रस, वीरगंज, ८ माघ/

वीरगंज महानगर-१४ गण्डक बहुअरी निवासी इर्शाद अन्सारीले



आफूमाथि आर्थिक अन्याय गरेको सोही ठाउँ निवासी राजबुन खातुनले आरोप लगाएकी छन् ।

नेपाल पत्रकार महासङ्घ, पर्साको सभाहलमा मङ्गलवार पत्रकार सम्मेलन गर्दै उनले इर्शादले विभिन्न व्यक्तिहरूको नाममा रहेको जग्गा आफू र आफ्ना पति करीम मियाँको नाममा राखेको र सो जग्गा विभिन्न बैंकमा राखी ऋण लिएको र अहिले आफूलाई फसाएको बताइन् । उनले इर्शादले आफू र पतिसँग सादा चेक लिएको र सो चेक विभिन्न व्यक्तिहरूलाई दिएर रकम असुली गरेको र अहिले आफूहरू चेक अनादर मुद्दामा दुःख झेल्नुपरिरहेको बताइन् ।

उनले इर्शादको माध्यमबाट पर्सागढी नगरपालिकाको मनवामा २२ कट्ठा, बडनिहारमा १८ कट्ठा, वीरगंज महानगरपालिकाको जगरनाथपुरमा डेढ कट्ठा, मनियारीको आठ कट्ठा जग्गा गरी साढे ४९ कट्ठा जग्गा आफ्नो नाममा गरेको र ती जग्गालाई कुमारी र एनआइसी एशिया बैंकमा राखेर ऋण लिएको र ती बैंकका सादा चेक आफूसँग लिएर विभिन्न व्यक्तिहरूलाई दिएको आरोप लगाइन् ।

चेक अनादर मुद्दामा पति करीमलाई यस अघि पुर्पक्षको लागि वीरगंज कारागारमा राखिएको र पछि मिटरब्याजसम्बन्धी मुद्दामा जिल्ला प्रहरीमा सहमति समझदारी हुँदा १० लाख रुपैयाँ तिरेर रिहा गरेको बताइन् । उनले सोही कार्यालयमा सहमति हुँदा सुनील पाण्डे भन्ने व्यक्तिमार्फत एक थान सादा चेक फिर्ता लिएको र उही व्यक्तिले अहिले रु ३७ लाखको चेक अनादर मुद्दा दिएर पुनः पतिलाई कारागारमा पठाएको बताइन् । उनले यस सम्बन्धमा जिल्ला प्रहरी कार्यालय अन्तर्गतको मिटरब्याज शाखामा भन्दा सुनवाइ नभएको र पूर्वसहमति, सम्झौतापत्रहरू गायब गरिएको आरोप लगाइन् ।

राजबुनले कारागारमा बस्दा पतिको मिर्गौला बिग्रिएको र अहिले वीरगंज हेल्थकेयरमा दैनिक तीनपटक डायलासिस भइरहेको बताइन् । उनले इर्शादले प्रलोभनमा पारेर आफूलाई यो अवस्थामा पुऱ्याएको र प्रहरीले पनि आफ्नो कुरा नसुनेको गुनासो पोखिन् । उनले प्रहरीले घटना मिलाउनको लागि कमिशन माग गरेको र सो नदिंदा कार्यालयबाट बाहिर निकाल्ने गरेको आरोप लगाइन् ।

(बाँकी पाँचौं पातामा)

## रक्सौल-जयनगर रेल चल्ने भएपछि सीमावर्ती बासिन्दा खुशी

प्रस, सिम्रौनगढ, ८ माघ/

भारतको गणतन्त्र दिवसको अवसरमा रक्सौलदेखि जयनगरसम्म रेल चल्ने भएपछि नेपाल-भारत सीमावर्ती क्षेत्रका बासिन्दा खुशी भएका छन् ।

२५ जनवरीका दिन रेलको उद्घाटन गरिने समस्तीपुर मण्डल रेल प्रबन्धक विनय श्रीवास्तवले जानकारी गराए । यो रेल भारत बिहारको रक्सौलदेखि सीतामढीसम्म चल्ने भएपछि बारा, पर्सा, रौतहटलगायतका सीमावर्ती क्षेत्रका बासिन्दाहरूलाई लाभ पुग्ने बताइएको छ ।

श्रीवास्तवका अनुसार सो रेल रक्सौलबाट शुरू हुँदै घोडासहन, बैरगनिया, सीतामढी, पुपरी हुँदै दरभङ्गा, जयपुरसम्म चल्नेछ । प्रत्येक दिन बेलुका




रक्सौलबाट ७:३५ बजे खुल्ने यो रेल घोडासहनबाट ८:२० बजे खुलेर दरभङ्गामा राति ११:०५ बजे पुग्दै बिहान ३:१० बजे जयनगर पुग्ने श्रीवास्तवले बताएका छन् । त्यस्तै, रेल जयनगरबाट ५:१० बजे खुलेर दरभङ्गा, घोडासहन ९:१५ बजे र १०:२० बजे रक्सौल पुग्ने श्रीवास्तवले बताए ।

रक्सौल-जयनगरसम्म चल्ने यो रेल घोडासहन, बैरगनिया, सीतामढी, जनकपुररोड, दरभङ्गा, सकरी, पण्डौल, मधुबनी, राजनगरमा रोकिने श्रीवास्तवले बताए ।

७५२१५/१६ नम्बरको यो रेलमा आठवटा बोगीको व्यवस्था रहेको छ । यसका साथै रेल रक्सौलको सट्टा नरकटियागंजबाट चलाउन माग पनि उठिरहेको छ ।

## निशुल्क भण्डारा र अष्ठयाम

प्रस, परवानीपुर, ८ माघ/

गण्डकचोकमा रहेको बजरङ्गबली मन्दिर विकास समितिले २४ घण्टे निशुल्क भण्डारा एवं अष्ठयाम पूजा गरेको छ ।

मन्दिर स्थापनाको दोस्रो वार्षिकोत्सवको अवसरमा चन्दा सङ्कलन गरेर कार्यक्रम आयोजना गरिएको हो । यसमा करीब पाँच लाख खर्च भएको मन्दिर विकास समितिका अध्यक्ष सुदर्शन पटेलले बताए । आज र भोलि गरी दुई दिनमा पाँच हजारभन्दा बढी श्रद्धालु भक्तजन आउने र निशुल्क भण्डारामा सहभागी हुने अपेक्षा राखिएको समितिका उपाध्यक्ष

(बाँकी पाँचौं पातामा)

## विचारसार र सूक्तिहरू

**बोल्नु पनि ठूलो कुरा होइन, नबोल्नु पनि ठूलो कुरा होइन... तर कहिले चुप रहने र कहिले बोल्ने त्यो विवेक हुनु ठूलो कुरा हो ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: eprateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# अर्थतन्त्र सङ्कटमा

**नेपालको बैंकिङ क्षेत्र अहिले जटिल समस्यामा छ । कर्जा लगानी अपेक्षाकृतरूपमा बढ्न नसकेको कृषि विकास बैंकको ५८औं वार्षिकोत्सवको अवसरमा उपप्रधान एवं अर्थमन्त्री विष्णु पौडेलले बताए । बैंकको बचत वृद्धि भएपनि कर्जा प्रवाहमा देखिएको मन्दीप्रति अर्थमन्त्रीले सार्वजनिकरूपमा चिन्ता व्यक्त गर्नु सहज अवस्था पक्कै होइन। बैंकिङ प्रणाली अर्थतन्त्रको जीवनरेखा हो । बैंकको कर्जा लगानीमा आएको यो शिथिलताबारे गहिरो छलफल तथा प्रभावकारी कदम चाल्ने बेला आइसकेको छ । देशमा कर्जा लगानीमा अवरोधका कारणहरू विभिन्न छन् । बैंकहरूले पनि कर्जा लगानीमा विगतमा भन्दा बढी सतर्कता देखाउन थालेका छन् । यसो गर्नुको मुख्य कारण ऋण असुलीमा देखिएको समस्या हो । पछिल्लो समय केही समूहहरूले ऋण नतिर्ने अभियान चलाएका छन्, जसले बैंकहरूको नाफा र कर्जा असुलीमा नकारात्मक प्रभाव पारेको छ ।**

**त्यसैगरी, कर्जा लगानी बढ्न नसक्नुको अर्को कारण 'आर्थिक शिथिलता' हो। लामो समयसम्मको आर्थिक मन्दीले उद्योग–व्यवसायमा लगानी गर्न सङ्कोच मान्न बाध्य बनाएको छ । नयाँ उद्योग स्थापना गर्न वा उत्पादन विस्तार गर्नेतर्फ लगानीकर्ताहरूको आत्मविश्वास कमजोर भएको छ। नियामक नीतिहरूको जटिलता अर्को एउटा कारण हो । बैंक तथा वित्तीय संस्थालाई लगानीमैत्री बनाउनेतर्फ आवश्यक सुधार हुन नसक्दा बैंकहरूले सम्भावित क्षेत्रहरूमा कर्जा प्रवाह गर्न सकिरहेका छैनन् । अर्कोतर्फ नेपालको ग्रामीण तथा कृषि क्षेत्रमा लगानी गर्न आवश्यक नवीन परियोजनाहरूको विकासमा कमजोरी देखिएको छ। कर्जा लगानीको गतिरोधले मुलुकको समग्र अर्थतन्त्रमा गम्भीर असर पार्न सक्छ । जस्तै, कर्जा लगानीको अभावले नयाँ उद्योग–व्यवसाय स्थापना र विस्तारको गति कम हुन्छ । यसले रोजगार सिर्जनामा कमी ल्याउँछ, जसको प्रभाव श्रमिक वर्गमा प्रत्यक्ष पर्छ। उत्पादनशीलतामा ह्रास आउँछ। विशेषगरी कृषि र औद्योगिक क्षेत्रमा कर्जाको अभावले उत्पादनशीलता घटाउँछ। त्यसैगरी, राजस्वमा असर पर्छ । व्यवसायको सङ्ख्यामा कमी आउँदा राष्ट्रिय राजस्व सङ्कलन प्रभावित हुने नै भयो ।**

**समस्याबाट सुधारका लागि बैंकहरूको भूमिका महत्त्वपूर्ण हुन्छ । बैंकले आफ्नो कर्जा व्यवस्थापन प्रणाली सुदृढ गर्दै ऋणीहरूको समस्यालाई समेट्ने नीतिहरू लागू गर्नुपर्छ । उनीहरूले उत्पादनशील क्षेत्रहरूमा कर्जा लगानी बढाउन विशेष प्राथमिकता दिनुपर्छ। कृषि, ऊर्जा र पर्यटन जस्ता क्षेत्रलाई प्राथमिकता दिनु जरुरी छ । यसमा नियामक निकायको भूमिका पनि रहन्छ। नेपाल राष्ट्र बैंकले बैंकहरूलाई लगानीमैत्री नीति निर्माण गर्न सहयोग र सक्रिय भूमिका खेल्न सक्नुपर्छ। लगानीकर्ताहरूलाई उत्साहित गर्न आर्थिक नीतिहरूलाई सरलीकृत गर्दै स्थायित्व दिनेतर्फ बैंकको पहल हुनुपर्छ । यस सम्बन्धमा बैंकलाई आइपर्ने जटिलताबारे सहजीकरण गर्न सरकार अग्रसर रहनुपर्छ। त्यसैगरी, उद्यम गर्न चाहनेहरूका लागि सरकारले लगानीमैत्री वातावरण बनाउन सक्नुपर्छ । हाम्रो मुलुकमा कम्पनी, उद्योग तथा संस्था दर्तादेखि लगानी र [redacted] बजार तथा बिक्रीमा समेत समस्या [redacted] डि बढ्यो, त्यति नै अवरोध छ । [redacted] नतिर" भन्दै खुलेआम आह्वान गर्ने [redacted] रकार मूकदर्शक बनेको छ । यही [redacted] मुलुकको अर्थतन्त्र गम्भीर सङ्कटमा [redacted]**

# राष्ट्रिय शहरी नीति र वीरगंज महानगर

स्वतन्त्र विचार



विनोद गुप्ता

**तर यी सबै काम महानगरले मात्रै गरेर सम्भव छैन । यसको लागि प्रदेशका साथै केन्द्रबाट समेत आर्थिक सहयोग हुन जरुरी छ र यसको लागि सबै दलले वीरगंज महानगरको विकासको मुद्दामा दलगत राजनीतिको स्तरबाट माथि उठेर सोच्न तथा कार्यगत एकता बनाएर अगाडि बढ्नु आवश्यक छ ।**

नेपाल सरकारले मुलुक सङ्घीय संरचनामा गइसकेपछि सङ्घ, प्रदेश र स्थानीय सरकारलाई जिम्मेवार बनाउँदै नयाँ राष्ट्रिय शहरी नीति २०८१ ल्याएको छ । यसले राष्ट्रिय शहरी नीति २०६४ लाई विस्थापित गर्नेछ । राष्ट्रिय शहरी नीति २०६४ ले पाँच हजार जनसङ्ख्या, १० व्यक्ति प्रतिहेक्टरको जनघनत्व, विद्यार्थीबाहेक १० वर्षमाथिको जनसङ्ख्यामध्ये कम्तीमा ५० प्रतिशत औद्योगिक, व्यापारिक तथा गैरकृषि क्षेत्रमा आबद्ध र भौतिक विकास एवं विस्तार हुँदै गएको बस्तीलाई शहरको मान्यता दिएको थियो ।

संयुक्त राष्ट्र सङ्घले भने ५० हजार जनसङ्ख्या र न्यूनतम १५ सय प्रतिवर्गकिलोमिटर जनघनत्व भएको बस्तीलाई शहर र तीन हजार जनसङ्ख्या एवं न्यूनतम तीन सयदेखि १५ सय प्रतिवर्गकिलोमिटर जनघनत्व भएकोलाई अर्ध शहरी केन्द्र भनेर परिभाषित गरेको छ। २०७८ को जनगणना अनुसार ३४ जिल्लाको जनसङ्ख्या वृद्धिदर ऋणात्मक छ भने समग्र नेपालको १७ प्रतिशत मात्रै भूभाग ओगटेको तराई क्षेत्रमा ५४ प्रतिशत जनसङ्ख्याको बसोवास रहेको देखिन्छ। त्यस कारणले पनि अधिकांश नगरपालिका ग्रामीण चरित्रको रहेको पाइन्छ।

गणतन्त्र बहालीपछि भएको पुनर्संरचनासँगै महानगरपालिका ६, उपमहानगरपालिका ११ र नगरपालिका २९३ वटा हुन पुगेको छ। यीमध्ये हाम्रो ध्यान विशेषरूपले हाम्रै वीरगंज महानगरपालिकामा केन्द्रित गर्दा स्थानीय सरकार सञ्चालन कार्यविधि २०१७ अनुसार महानगर हुनका लागि जनसङ्ख्या न्यूनतम पाँच लाख र वार्षिक आय एक खर्ब हुनु आवश्यक छ। भौतिक पूर्वाधारको हकमा:

| क्र.सं. | विषय | अवस्था |
|---|---|---|
| १) | उच्च तहसम्मका शैक्षिक संस्थानहरू: | आंशिक |
| २) | अस्पताल: | ✓ |
| ३) | पक्की सडक: | आंशिक |
| ४) | यातायातको सुविधा: | ✓ |
| ५) | म्युजियम: | छैन |
| ६) | स्टेडियम: | छैन |
| ७) | एसेम्बली हल: | छैन |
| ८) | अन्तर्राष्ट्रियस्तरको प्रदर्शनी आयोजनास्थल : | छैन |
| ९) | बालक र वृद्धहरूको लागि मनोरञ्जनस्थल: | प्रयोगविहीन |
| १०) | खानेपानी तथा सरसफाइ – | ✓ |
| ११) | फोहर व्यवस्थापन प्रणाली: | ठोसको मात्र छ |
| १२) | सपिङ मल: | ✓ |
| १३) | तरकारी एवं फलफूल बजार: | एकमात्र व्यवस्थित |
| १४) | प्राकृतिक सुन्दरतासहितको हरियालीस्थल: | छैन |

उल्लिखित १४ वटा पूर्वाधारहरूमध्ये मेरो विचारमा २,४, १० तथा १२ उपलब्ध छ । १, ३ आंशिक रूपमा उपलब्ध छ भने अन्य आठवटा पूर्वाधारहरू उपलब्ध छैन । त्यसकारण महानगरले यसतर्फ ध्यान केन्द्रित गर्नुपर्ने देखिन्छ । तर महानगरका आफ्नै बाध्यताहरू छन् । एकातिर जनताले तिर्नुपर्ने कर सङ्कलनमा कठिनाइ छ भने अर्कोतिर आयात घटेर स्थानीय कर सङ्कलन घट्दै गएको छ । जहाँसम्म सरकारी स्तरबाट पाइने रकमको कुरा छ त्यसमा वीरगंजप्रति भेदभाव जारी नै छ ।

तथापि वीरगंजलाई महानगर बनाइराख्न शिक्षाको क्षेत्रमा विज्ञान तथा मानविकीसमेतको सबै विषयको पढाइ हुनेगरी केन्द्रीय विश्वविद्यालयको स्थापना वा वर्तमान प्रादेशिक विश्वविद्यालयको रूपान्तरण, आदर्शनगरमा स्टेडियमको निर्माणका साथै विपी उद्यानको निर्माण आवश्यक देखिन्छ । हुनत महानगरको कार्यालयले दुईपटक यो क्षेत्र खाली गर्न सूचना जारी गरिसकेको छ ।

अन्तर्राष्ट्रिय स्तरको सभाभवनका साथै वीरगंजको विपी उद्यानको रातो बङ्गला क्षेत्रमा श्यामशरण भारतीय राजदूत र विदेश सचिव हुँदासम्म चर्चामा रहेको तारामण्डलको निर्माणबारे फेरि कुराकानी शुरू गर्ने, पार्क निर्माणका साथै सञ्चालनमा ल्याउने र अत्यन्त उपेक्षित अवस्थामा रहेको माइधिया पोखरीको सौन्दर्यीकरण गरी यसको ऐतिहासिकता जोगाउने, फोहर व्यवस्थापन प्रणालीमा ठोस फोहरको व्यवस्थापन राम्ररी नै भइरहे पनि नालाको पानी प्रशोधन गर्न प्राविधिक अध्ययन गराई हाल प्रयोगविहीन अवस्थामा रहेको शौचालयको उत्सर्जन उपचार केन्द्र प्रयोगमा ल्याउने, महानगरको एक देखि १९ सम्म घना बस्ती रहेकोले यस क्षेत्रको सार्वजनिक जग्गामा फलफूल एवं तरकारी बजार व्यवस्थापन गर्न सकिन्छ। उदाहरणका लागि पुरानो बस स्ट्यान्डमा बनाइएका टीनका टहराहरूमा तत्कालै यस्तो बजार व्यवस्थापन गर्ने काम अगाडि बढाउन सकिन्छ।

त्यस्तै १४ नं. को हकमा प्रस्तावित चिडियाघरको निर्माण प्रक्रियामा बल पुऱ्याउने तथा पर्सा वन्यजन्तु आरक्षको प्रचारप्रसार गर्न सामाजिक सञ्जालको प्रयोग गरिनुपर्दछ।

उल्लिखित पूर्वाधारहरूमध्ये अस्पतालको स्तरोन्नतिका साथै भवन निर्माणको कार्य रोकिएको छ । त्यस्तै खेलकूदको हकमा स्टेडियम निर्माणको कार्य रोकिएको छ। खेलकूदको हकमा स्टेडियम निर्माण मात्रै होइन, फूटबल, भलिबल, ब्याडमिन्टन, टेबुल टेनिस, पौडीजस्ता खेलहरूको कमसेकम महानगरस्तरीय प्रतियोगिता आयोजना हुनु पनि जरुरी छ। यसले शारीरिकका साथै मानसिक विकासमा समेत टेवा पुऱ्याउने कुरा निर्विवाद छ ।

तर यी सबै काम महानगरले मात्रै गरेर सम्भव छैन। यसको लागि प्रदेशका साथै केन्द्रबाट समेत आर्थिक सहयोग हुन जरुरी छ र यसको लागि सबै दलले वीरगंज महानगरको विकासको मुद्दामा दलगत राजनीतिको स्तरबाट माथि उठेर सोच्न तथा कार्यगत एकता बनाएर अगाडि बढ्नु आवश्यक छ। २०७८ को जनगणना अनुसार वीरगंज महानगरको जनसङ्ख्या मात्रै दुई लाख ७० हजार छ र आन्तरिक स्रोतबाट हुने आम्दानी चालू आवमा ९५ करोड उठ्ने प्रक्षेपण गरिए पनि विगतको उठती रकमको आधारमा यो ६०–७० करोडभन्दा बढी उठ्ने अपेक्षा गर्न सकिन्न। अनि कसरी महानगरले आफ्नो दायित्व पूरा गर्न सक्छ र नागरिकलाई सेवा पुऱ्याउन सक्छ। नगरवासीले सोच्नु आवश्यक छ ।

# 'विदेशको ठाउँ काम गरुन्जेल मात्र हुँदोरहेछ'

सिंगबहादुर थापा
सर्लाही, ८ माघ/रासस

लालबन्दी नगरपालिका–१२ डप्कालीका देवराज पौडेल सानै उमेरमा परिवारलाई खुशी दिन वैदेशिक रोजगारमा गए। खुशी दिन त टाढाको कुरा, रोजगारका क्रममा दुर्घटनामा परेर आधा शरीर नचल्ने भएर स्वदेश फर्किन बाध्य भए । उनी विगत तीन वर्षदेखि ह्वीलचियरको सहारामा छन् ।

घरको एकमात्र सहारा, उनको दुर्घटनापछि परिवारको बिचल्ली भएको छ । २०७७ माघ ७ मा उनी वैदेशिक रोजगारका सिलसिलामा साउदी अरेबिया गएका थिए। विसं २०७८ पुस २९ को राति कामबाट फर्केपछि उनी साथीसँगै बजार गएका थिए ।

बजारबाट फर्कने क्रममा उनले चलाएको गाडी दुर्घटनामा परेपछि उनको जीवनले नसोचेको मोड लियो। नेपालमा हुँदा पनि सवारीचालकको काम गरेका उनले विभिन्न निर्माण कम्पनीका टिपर, स्कूल बस चलाएका थिए । त्यसबाट घरपरिवारको गुजारा चलाउन समस्या भएपछि परिवारको सल्लाहमा उनी साउदी पुगेका थिए ।

"विदेशको ठाउँ काम गरुन्जेल मात्र हुँदोरहेछ"–यनले भने–"तर दुर्घटनापछि कम्पनीले पनि लापरवाही गरेका कारण मेरो यो अवस्था भयो ।" राति १ बजे दुर्घटनामा परेका उनलाई प्रहरीले तत्काल अस्पताल पुऱ्याएको थियो। छ घण्टापछि मात्र होश आयो । बिहान अस्पतालको बेडमा थिएँ–उनले भने–"शरीर अररो परेको थियो। हातले पानीको गिलाससमेत नसमाएपछि एकजना नेपाली नर्सले पानी खुवाइदिनुभयो ।"

उनको गर्दनमा शल्यक्रिया गरेर स्टील राखिएको छ । उनलाई शुरूमा



दुर्घटनामा परेर शरीरमा समस्या भयो, पछि ठीक हुन्छ भन्ने लागेको थियो। तर पछि चिकित्सकले गर्दनको हड्डी भाँचिएको र एउटा नसामा चोट लागेकोले शरीर पहिलेजस्तो नहुन सक्छ भनेपछि छाँगाबाट खसेजस्तै भएको उनले बताए । "दुई वर्षकी छोरी छाडेर परिवारको खुशी कमाउन गएको थिएँ, अब बाँकी जीवन अरूको सहारामा गुजार्नुपर्ने भएर आएँ"–उनले भने ।

शुरूमा त अब बाँकी जीवन के हुने भन्ने चिन्ताले धेरै सतायो । धेरै रात भोक न निद्रा भएर बिताए । विदेशमा हुँदा सारा एक्लोझैं भयो। घर आएपछि पत्नी र छोरीको अनुहारले निकै समय लखेटिरह्यो। अहिले आफूलाई सम्हाल्ने प्रयास गरिरहेको उनले बताए। विगतका दिन सम्झँदा उनका गला अवरुद्ध हुन खोज्दै थिए। अझै पनि शरीरको अवस्था अनुसारको कर्म गरेर बाँकी जीवन परिवारको सहारा बन्ने उनको ठूलो धोको छ ।

शुरूमा कम्पनीले उपचारमा केही चासो देखाएजस्तो गरे पनि, पछि वास्ता गर्न छाडेको उनको भनाइ छ । "नौ महीनासम्म कम्पनीले बेवारिस अवस्थामा अस्पतालमा छाड्यो, शरीर चल्दैन थियो। अरूले ओल्टाइपल्टाइ गर्नुपर्ने अवस्था थियो। नर्सहरू दिनमा एक वा दुईपटकमात्र आउने गर्थे। औषधि दिएर जान्थे । खाना ल्याएर राखिदिन्थे । हातसमेत नचलेर खान सक्दिनँ थिएँ । कोही आउने आशमा बस्नुपर्थ्यो"–उनले भने ।

कम्पनीले वास्ता गर्न छाडेपछि, औषधि नगर्ने भए मलाई घर पठाइदेऊ भनेर कम्पनीमा भनें, तर कम्पनीले वास्ता गरेन। हारगुहार गरेपछि युकेमा रहेका भान्जाको प्रयासमा दूतावासका कर्मचारीले कम्पनीलाई ताकेता गरे । त्यसपछि कम्पनीले अस्पतालबाट निकालेर १५ दिनपछि नेपाल पठाइदियो। शुरूमा आफूले साउदीस्थित नेपाली दूतावासमा धेरैपटक अनुनय–विनय गर्दा पनि वास्ता नगरेको उनको दुःखेसो छ।

उनलाई समयमैं अस्पतालबाट उद्धार गरेको भए शरीर केही भाग चल्थ्यो कि भन्ने लागिरहेको छ । बिरानो देशमा अस्पतालमा काटेको नौ महीना एक युगजस्तो लागेको उनको अनुभव छ । नेपाल आएपछि परिवारले उलाई सीधै अर्थोपेडिक अस्पताल जोरपाटी काठमाडौं पुऱ्यायो। त्यहाँ तीन महीना उपचार गर्दा पनि कुनै सुधार नभएपछि घर आएको उनको भनाइ छ। अस्पतालमा गर्ने गरेका केही कसरत घरमा पनि नियमित गरिरहेका छन् ।

आफू आधा शरीर नचल्ने भएर अरूको सहारामा उठ्न–बस्न पर्ने अवस्थामा पुगेपछि एउटी छोरीको पढाइ र परिवारको गुजारामा पनि समस्या भएको उनले दुःखेसो पोखे। "सम्पत्तिका नाममा पुर्ख्यौली छ कठ्ठा खेत र साढे आठ धुर घडेरी पाएको थिएँ"–उनले भने–"बीमाबाट आएको पैसाबाट वास बस्ने समस्या भएपछि एकतले काठको घर बनाएँ। खेतको उत्पादनले मुश्किलले आधा वर्ष खान पुग्छ । छोरीको पठनपाठन, केही उपचार खर्च कसरी जोहो गर्नु ?"

पत्नी एक्लैले गरेको कामबाट परिवारलाई हातमुख जोर्न सधैं समस्या भएको भन्दै उनले आफूले सकेको काम गरेर परिवारलाई सघाउने चाहना रहेको बताए । "शारीरिकरूपमा अशक्त व्यक्तिहरूले क्षमता अनुसार काम गरेर

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# सप्तकोशीको कटान रोक्न योजना तयार गर्छौं –गृहमन्त्री

गाईघाट, ८ माघ/रासस

गृहमन्त्री रमेश लेखकले सप्तकोशी नदीको कटान रोक्न तत्काल अस्थायी र दीर्घकालीन योजना तयार गरिने बताएका छन् । उदयपुरको बेलका नगरपालिका क्षेत्रस्थित सप्तकोशी नदीको कटान क्षेत्रको मङ्गलवार अनुगमन गर्दै उनले कटान रोक्न आवश्यक पहल गरिने बताए ।

“सप्तकोशीले गर्ने कटान रोक्न अस्थायी र दीर्घकालीन योजनासहित सरकारले कदम चाल्छ,” गृहमन्त्री लेखकले भने । तत्कालका लागि विपद् व्यवस्थापन विभागबाट अस्थायी योजना सञ्चालन गरेर भएपनि कटान रोक्न पहल गरिने उनको भनाइ थियो । तर स्थायीरूपमा कटान रोक्न मित्रराष्ट्र भारतसँग सहमति गरेर अघि बढ्ने मन्त्री लेखकले उल्लेख गरे ।

गृहमन्त्री लेखकले आज बेलका नगरपालिका–८ को सिसौली, सप्तकोशी पुल क्षेत्रको लाहुरेखोंच र वडा नं ७ का कोठु क्षेत्रको नदी कटान क्षेत्रको अवलोकन गरेका हुन् । तत्काल बेलकास्थित सप्तकोशी पुलदेखि तीन किलोमिटर तलसम्म अस्थायी तटबन्धको योजना तयार गरेर नियन्त्रण गरिने तथा सप्तकोशी पुलदेखि ११ किलोमिटर तल सप्तरीसम्मको क्षेत्र कटान रोक्न स्थायी योजना ल्याउने तयारी गरिएको गृहमन्त्री लेखकले बताए ।

उनीसँगै नेपाली काङ्ग्रेसका नेता एवं उदयपुर निर्वाचन क्षेत्र नं १ का सांसद डा नारायण खड्काले समेत कटान क्षेत्रको अनुगमन गरेका थिए ।

बर्सेनि सप्तकोशीको बाढीले तटीय क्षेत्रमा कटान गर्दै आएको छ । कटानका कारण यहाँ सयौं परिवार विस्थापित भएका बेलका नगरपालिकाका नगरप्रमुख अशोक कार्कीले बताए ।

“तत्काल उच्च जोखिम रहेको तीन किलोमिटर क्षेत्रमा यसै वर्षदेखि अस्थायीरूपमा भएपनि तटबन्धको योजना अघि बढाउन गृहमन्त्री लेखकमार्फत सरकारको ध्यानाकर्षण गराएका छौं,” उनले भने ।

गृहमन्त्री लेखकले आजै सप्तकोशी नदी कटानको अवलोकनपछि त्रियुगा नदीको कटान क्षेत्रको अनुगमन गरेका सांसद डा खड्काले बताए ।

# नेप्से परिसूचकमा पाँच अङ्कको झिनो सुधार

काठमाडौं, ८ माघ/रासस

नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा मङ्गलवार झिनो अङ्कको सुधार देखिएको छ । परिसूचक पाँच दशमलव ०८ अङ्कले बढेर दुई हजार ६१३ दशमलव ०८ को बिन्दुमा कायम भएको हो ।

आज ३११ कम्पनीका एक करोड १६ लाख २६ हजार २० कित्ता शेयर ६९ हजार ८४० पटक खरीद–बिक्री हुँदा रु छ अर्ब १९ करोड एक लाख ४१ हजार ८९१ बराबरको कारोबार भएको छ ।

आजको कारोबारमा बैंकिङ समूह शून्य दशमलव ३५, वित्त एक दशमलव ०३, जलविद्युत् शून्य दशमलव ९२, म्युचुअल फन्ड शून्य दशमलव ४८ र व्यापार समूह दुई दशमलव १० प्रतिशतले घटेका छन् । अरू सबै समूहका उपसूचक बढेका छन् ।

विकास बैंक शून्य दशमलव १९, होटल तथा पर्यटन शून्य दशमलव ७८, लगानी शून्य दशमलव ७४, जीवन बीमा एक दशमलव १० र उत्पादन तथा प्रशोधन शून्य दशमलव ८९ प्रतिशतले बढेका छन् । त्यसैगरी, लघुवित्त शून्य दशमलव ०३, निर्जीवन बीमा एक दशमलव ७८ र अन्य समूह दुई दशमलव ७९ प्रतिशतले बढेका छन् ।

मन्दाकिनी हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै घट्नेमा भने रिभर फल्स पावर लिमिटेडको शेयर मूल्य आठ दशमलव ९६ प्रतिशतले घटेको छ । कारोबार रकमका आधारमा आज सबैभन्दा धेरै सिइडिबी होल्डिङ्स लिमिटेडको रु २३ करोड ७६ लाख ३५ हजार बराबरको शेयर खरीद–बिक्री भएको छ । कारोबार भएका शेयर सङ्ख्याका आधारमा सबैभन्दा धेरै प्रभु सेलेक्ट फन्डको चार लाख ७५ हजार नौ सय कित्ता शेयर किनबेच भएका छन् ।

# निर्यात ३१ प्रतिशतले बढ्दा पनि व्यापार घाटा उच्च

काठमाडौं, ८ माघ/रासस

चालू आर्थिक वर्ष २०८१/८२ को अर्धवार्षिक समीक्षा अवधिसम्ममा



नेपालले कुल रु नौ खर्ब २१ अर्ब १६ करोडको वैदेशिक व्यापार गर्दा रु सात खर्ब २३ अर्ब ५८ करोड १३ लाख घाटा बेहोरेको छ ।

भन्सार विभागले सार्वजनिक गरेको तथ्याङ्क अनुसार गत पुस मसान्तसम्ममा रु आठ खर्ब २२ अर्ब ३७ करोड पाँच लाख बराबरको वस्तु आयात हुँदा रु ९८ अर्ब ७८ करोड ९२ लाख बराबरको मात्रै निर्यात भएको छ ।

गत आर्थिक वर्षको अर्धवार्षिक समीक्षा अवधिको तुलनामा चालू आवको सोही अवधिमा आयात सात प्रतिशत र निर्यात ३१ दशमलव ७८ प्रतिशतले बढेको छ । त्यस्तै, व्यापार घाटा चार दशमलव ३८ प्रतिशतले बढेको छ । गत आवको अर्धवार्षिक समीक्षा अवधिको तुलनामा चालू आवको सोही अवधिमा कुल वैदेशिक व्यापारमा निर्यातको योगदान दुई दशमलव ०१ प्रतिशतले घटेर ८९ दशमलव २८ प्रतिशत कायम भएको छ ।

नेपालले सबैभन्दा धेरै व्यापार घाटा भारतसँग बेहोरेको छ । पछिल्लो छ महीना अवधिमा भारतबाट रु पाँच खर्ब दुई अर्ब ८५ करोड बराबरको वस्तु आयात गर्दा रु ७३ अर्ब ७१ करोड १२ लाख बराबरको निर्यात गरेको छ । जस अनुसार यो अवधिमा भारतसँगको मात्र व्यापार घाटा रु चार खर्ब २९ अर्ब १४ करोड बराबर छ । त्यस्तै, चालू आवको पुस मसान्तसम्ममा चीनसँग रु एक खर्ब ५८ अर्ब ६२ करोड र अर्जेन्टिनासँग रु २२ अर्ब ६२ करोड व्यापार घाटा बेहोरेको छ ।

नेपालले १२३ मुलुकसँग व्यापार घाटा बेहोरेको छ भने ३२ वटा मुलुकसँग व्यापार नाफा बेहोरेको छ । नेपालले गर्ने वैदेशिक व्यापारमा बढी नाफा रहेका मुलुकमा डेनमार्क, अस्ट्रिया, रसियन फेडेरेशन, माल्दिभ्सलगायत छन् ।

# मकवानपुर–काठमाडौं जोड्ने दुई सडक पुनः सञ्चालन

मकवानपुर, ८ माघ/रासस

सडक स्तरोन्नति तथा मर्मतका लागि यातायात सञ्चालनमा रोक लगाइएको मकवानपुर र काठमाडौं जिल्ला जोड्ने दुईवटा सडक पुनः सञ्चालनमा आएको छ ।

थानकोट–चित्लाङ सडक (गणेशमान मार्ग) र मातातीर्थ सडक मङ्गलवार बिहानदेखि सञ्चालनमा आएको प्रहरी नायब उपरीक्षक श्यामु अर्यालले जानकारी दिए ।

प्रनाउ अर्यालका अनुसार ती दुवै सडक स्तरोन्नतिका लागि गत पुस ७ र २२ गतेबाट बन्द गरिएको थियो ।

यसैगरी, मकवानपुर–काठमाडौं जोड्ने कुलेखानी–फाखेल सडकखण्ड र कुलेखानी–सिस्नेरी–दक्षिणकाली सडकखण्डमा एकतर्फी मात्रै सवारीसाधन सञ्चालन भइरहेको प्रनाउ अर्यालले बताए ।



**तातोको खोजी:** महोत्तरी जिल्लाको जलेश्वर नगरपालिका–२ स्थित दुर्गाचोकमा आगोको छेउमा सुतेर न्यानो लिंदै कुकुरका छाउराहरू । तस्बिरः सञ्जीतकुमार मण्डल/रासस



**वीरगंज आइसिपीमा लामबद्ध सवारीसाधनः** वीरगंजको अलौं–श्रीसियामा अवस्थित वीरगंज भन्सार कार्यालयको एकीकृत जाँच चौकी (आइसिपी)को मुख्य प्रवेशद्वारमा मङ्गलवार लामबद्ध मालवाहक सवारीसाधनहरू ।
तस्बिर : विजयकुमार महतो/रासस

# बिरामीको चाप घटाउन सुरक्षा निकायका अस्पतालसँग सहकार्य प्रस्ताव

काठमाडौं, ८ माघ/रासस

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले सरकारी अस्पतालमा बिरामीको चाप घटाउन सुरक्षा निकायद्वारा सञ्चालित अस्पतालहरूसँग सहकार्य प्रस्ताव गरेको छ ।

प्रहरी महानिरीक्षक तथा सेनाद्वारा सञ्चालित स्वास्थ्य संस्थाका प्रमुखहरूसँग मङ्गलवार बसेको बैठकमा स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलले सरकारी अस्पतालमा पालो कुर्नुपर्ने अवस्था हुँदा सुरक्षा निकायका अस्पतालमा ‘अपरेशन वार्ड’ खाली भएमा सेवा उपलब्ध गराउने गरी सहकार्यको प्रस्ताव गरेका हुन् ।

मन्त्री पौडेलले भने, “सङ्घीय अस्पतालहरूमा ‘सिफ्ट’ थप्ने तथा अतिरिक्त समयमा काम गरी बिरामीको चाप व्यवस्थापन भइरहेको छ । सरकारीमा चाप भएका बेला सुरक्षा निकायका अस्पतालमा ‘रेफर’ गरेर कसरी उपचार दिन सकिन्छ, सहकार्य आवश्यक छ ।” उनले स्वास्थ्य बीमा कार्यक्रम सुरक्षा निकायका अस्पतालमा प्रभावकारी बनाउनेबारे सुझाव दिनसमेत आग्रह गरे ।

सुरक्षा निकायका अस्पतालसँग सहकार्य गरी सरकारी अस्पतालको चाप व्यवस्थापनका लागि आवश्यक खाका तयार पार्न अतिरिक्त सचिव डा टङ्क वारकोटीको नेतृत्वमा गत साता मन्त्रालयले कार्यदल बनाएको थियो ।

त्यसैगरी, मन्त्री पौडेलले आपत्कालीन अवस्थामा नागरिकको उद्धारका लागि एयर एम्बुलेन्स नभएकाले सहयोग गर्न सेनासँग आग्रह गरे । बैठकमा प्रहरी महानिरीक्षक वसन्त कुँवर तथा सेनाका उच्च अधिकारीको सहभागिता थियो ।

# अलपत्र खानेपानी आयोजनाको काम पुनः सञ्चालन

सिराहा, ८ माघ/रासस

लहान नगरपालिका–१६ स्थित तरेगणा गोविन्दपुरमा वर्षौंदेखि अलपत्र रहेको खानेपानी आयोजनाको काम पुनः सञ्चालन भएको छ । आइतवारदेखि नगरप्रमुख महेश चौधरीको पहलकदमीमा खानेपानीको डीप बोरिङ जडान सुरुआत भएको हो ।

अधूरो खानेपानी योजनाको काम सम्पन्न गर्न लहान नगरपालिका, वाटर एड, नेपाल खानेपानी संस्थान अन्तर्गत शाखा कार्यालय लहान र दलित जनकल्याण युवा क्लबको सहयोग तथा समन्वयमा सञ्चालित ‘द विकन परियोजना’बाट रु ६० लाख लागतमा बोरिङ जडान शुरू गरिएको नगरप्रमुख चौधरीले जानकारी दिए । खानेपानीको अधूरो काम सञ्चालन भएसँगै अब यस भेगका नागरिक खानेपानीको अभावबाट चाँडै मुक्त हुने उनले विश्वास व्यक्त गरे ।

“वर्षौंदेखि अलपत्र खानेपानीका लागि लहान नगरपालिका–१६ र १७ का स्थानीयवासी सङ्घर्षरत थिए,” नगरप्रमुख चौधरीले भने, “खानेपानीको समस्या समाधान हुनेतर्फ काम अगाडि बढेको छ । अब चाँडै यस भेगका नागरिकलाई खानेपानीको अभावबाट मुक्ति मिल्नेछ ।”

परियोजनाले गरेको सर्भे अनुसार एक हजार ४१ घरधुरीमा खानेपानी धारा जडान हुनेछ भने आठ हजार ३९४ स्थानीय लाभान्वित हुने खानेपानी संस्थान लहान शाखाका वितरण महाशाखा प्रमुख लट्टप्रसाद यादवले जानकारी दिए । उनका अनुसार दुई लाख २५ लिटर क्षमताको पानी भण्डारण गर्न ओभरहेड ट्ङ्की बनिसकेको छ ।

यस अघि दुईवटा बोरिङ जडानका लागि ‘बोरहोल’ गरिएको थियो । नजीकै पोखरी हुँदा शुरूमा पानी देखिए पनि पछि पोखरी सुकेपछि बोरहोल असफल भई आयोजना अलपत्र परेको दलित जनकल्याण युवा क्लबका सामाजिक परिचालक एलिना हिङ्माङले जानकारी दिइन् । उनका अनुसार अहिले पहिलेको भन्दा एक किलोमिटर बढी ठाउँ सारेर बोरहोलको काम भइरहेको छ ।

लहान–१६ का अध्यक्ष गडुलबहादुर जर्घामगरले स्थानीयको समस्या बुझेर नगरप्रमुख चौधरीले खानेपानीको काम अगाडि बढाएको भन्दै आगामी दिनमा समस्या समाधान हुनेमा विश्वस्त रहेको बताए । नगरको काममा वडाको सदैव समर्थन र सहयोग रहने उनले प्रतिबद्धता व्यक्त गरे ।

# छवटा डीप टच्युबेल सञ्चालन हुँदा खानेपानी समस्या हट्यो

महोत्तरी, ८ माघ/रासस

खानेपानीको समस्या खेप्दै आएका मटिहानी–६ जरलहवागाछी बस्तीका अग्निपीडितले १० महीनापछि बल्ल राहत पाएका छन् । बस्तीमा सोमवार एकसाथ छवटा डीप टच्युबेल सञ्चालनमा आएपछि अग्निपीडितले आफ्नै घरआँगननजीक खानेपानीको सहुलियत पाएका हुन् । मटिहानी नगरपालिका र रतौली युवा क्लबले जडान गराएका डीप टच्युबेल सञ्चालनमा आएका हुन् ।

“आगलागी घटनायता खानेपानीको अप्ठ्यारो थियो,” अग्निपीडित बस्तीकी गृहिणी मैमुन खातुनले भनिन्, “आगलागी घटनाको १०औं महीनामा बल्ल खानेपानीको सजिलो भयो ।” सो बस्तीमा गत वैशाख १२ गते बुधवार भएको आगलागीमा १०३ घर जलेर पूरै खरानी बनेका थिए ।

सञ्चालनमा आएका छवटै डीप टच्युबेलबाट पानी मज्जाले आएपछि खानेपानी समस्या अन्त्य भएको सो बस्तीकी अर्की गृहिणी हसिना खातुन बताउँछिन् । “टच्युबेलबाट एकदम राम्रो पानी आएको छ, हामीलाई अब ठूलो राहत भयो,” उनी भन्छिन्, “यसपालि हामीलाई परेको विपद्बाट मानवता सिद्धिएको रहेनछ भन्ने थाहा पायौं ।” बस्तीका आगलागीपीडितले खानेपानीको प्रबन्धमा अलि ढिलो भएपनि दुःख परेका बेला टाढाटाढाबाट सहयोग लिएर आउनेको बलमैं आफूहरू बौरिएको बताउँछन् ।

“आगलागीमा घरका सामान केही बचेका थिएनन्, तर मनकारीहरूले हामीलाई पिउने र लत्ताकपडा केही कमी हुन दिएनन्, सबै पायौं,” बस्तीकी लखनदेवी पासवान त्यतिखेरको आपत् सम्झँदै भन्छिन्, “लाग्थ्यो, अब जीवन अगाडि छैन ।” अरू प्रबन्ध मान्छेकै सहयोगले तत्काल जुट्दै गए पनि खानेपानीका लागि भने अलि लामो समय कुर्नुपरेको त्यहाँका बासिन्दाको प्रतिक्रिया छ ।

अग्निपीडित बस्तीमा खानेपानीको प्रबन्धका लागि डीप टच्युबेल जडान गर्न आर्थिक स्रोत जुटाइदिने र सोको पहलकदमी लिइदिने संस्थाप्रति मटिहानीका नगरप्रमुख हरिप्रसाद मण्डलले आभार व्यक्त गरे । बस्तीका वरिपरि छवटा ठाउँमा जडान भएका डीप टच्युबेल सो बस्तीका कुनै पनि घरबाट एक मिनेटभन्दा बढीको दूरीमा नरहेका मण्डलले बताए ।

आर्थिक स्रोत जुटाइदिने ट्रिङ्गल जेनेरेशन हुमेनिटायर र सोको समन्वय गर्ने रतौली युवा क्लबले अग्निपीडित बस्तीमा आवश्यक थप सहयोगका लागि पहलकदमी लिने प्रतिबद्धता जनाएका छन् । दुवै संस्थाको प्रतिबद्धताले आफूहरूलाई निकै भरोसा जागेको अग्निपीडितहरूको प्रतिक्रिया छ ।

# कानून निर्माणमा सत्तापक्ष र प्रतिपक्षबीच सहकार्यको प्रतिबद्धता

काठमाडौं, ८ माघ/रासस

प्रमुख प्रतिपक्षसहितका संसद्मा प्रतिनिधित्व गर्ने राजनीतिक दलहरूले सङ्घीय संसद्को आउँदो हिउँदे अविधेशनलाई कानून निर्माणका हिसाबले अधिकतम उपलब्धिमूलक तुल्याउने प्रतिबद्धता व्यक्त गरेका छन्। राष्ट्रपति रामचन्द्र पौडेलबाट संसद्को हिउँदे अधिवेशन आह्वान भएको सन्दर्भमा दलका प्रमुख सचेतकहरूले देश र जनताको हितमा आवश्यक पर्ने कानून निर्माणलाई परिणाममुखी तुल्याइने बताए।

हिउँदे अधिवेशनलाई विधेयक अधिवेशनका रूपमा लिइन्छ। राष्ट्रियसभामा चार र प्रतिनिधिसभामा १५ विधेयक विचाराधीन छन्। सङ्घीयता कार्यान्वयनसँग जोडिएका सङ्घीय निजामती, विद्यालय शिक्षा, प्रहरी समायोजनजस्ता महत्त्वपूर्ण विधेयक लामो समयदेखि सदनमा विचाराधीन छन्।

**‘पाँचौं अधिवेशनबाट कानून निर्माणमा अधिकतम उपलब्धि हासिल गर्छौं’**

**–महेश बर्तौला, मुख्य सचेतक, नेपाल कम्युनिस्ट पार्टी (एमाले)**

सरकारले हिउँदे अधिवेशन आह्वान गरेको छ। यो विधेयक अधिवेशन हो। बढीभन्दा बढी विधेयक पारित गर्ने अधिवेशनका रूपमा यसलाई स्थापित गर्न चाहन्छौं। यसबीचमा भएका चार अधिवेशन कानून निर्माणको दृष्टिकोणबाट फलदायी भएनन् भनेर टिप्पणी भइरहेको छ।



अबको अधिवेशनबाट नयाँ २० भन्दा बढी कानून पारित गर्नेगरी काम गर्छौं। राष्ट्रियसभामा चार र प्रतिनिधिसभामा १५ विधेयक विचाराधीन छन्। विधेयक पारित गर्ने सन्दर्भमा सकभर शतप्रतिशत वा नभए ७० प्रतिशत प्रगति हासिल गर्छौं। संविधान कार्यान्वयनसँग सम्बन्धित कैयौं कानून निर्माण गर्नुपर्नेछ। यस अधिवेशनमा सरकारले बढीभन्दा बढी विधेयक सदनलाई दिनेछ। सदनले ‘बिजनेश’ पाएन भनी सांसदले सरकारसँग गुनासो गर्नुपर्ने अवस्था अन्त्य गर्नेगरी विधेयक ल्याउने तयारी छ। दुईवटा विधेयक संसद् सचिवालयमा दर्ता भइसकेका छन् भने अन्य विधेयक ‘पाइपलाइन’मैं छन्।

सृजनात्मक, रचनात्मक र बौद्धिक विमर्श हुने थलो संसद्मा समग्र राष्ट्र र जनताको विषय, विकास निर्माण र संसद्मार्फत सरकारलाई ध्यानाकर्षण गर्ने विषय बलशालीरूपमा अघि बढाउनुपर्छ। राष्ट्रिय महत्त्व र जनसरोकारका विषय तथा नीतिगत पक्षमा पनि बहस पैरवी गरिनेछ। संसद्मा सांसदहरूले विषय राख्ने तर सरकारले नसुन्ने भन्ने गुनासो आइरहने परिस्थिति अब अन्त्य गरिनेछ। सदनमा सांसदहरूमार्फत मुखरित भएका जनसरोकार र राष्ट्रिय सरोकारका विषय गम्भीरताका साथ ग्रहण गरी सम्पत्तिका रूपमा लिएर अगाडि बढ्नेछ। मौजुदा कानूनलाई समयानुकूल परिमार्जन र व्यवस्थित बनाएर कानून निर्माण गर्न संसद् सफल भयो र जनसरोकारका विषय कार्यान्वयन गर्दै अघि बढेको सन्देश दिनेगरी काम गर्छौं। सांसद मात्रै होइन, मन्त्रीको उपस्थिति नभई सदन अघि बढ्दैन। संसदीय प्रक्रियामा उपस्थिति मात्र नभई सम्बन्धित मन्त्रीले पनि अर्थपूर्ण भूमिका खेल्नुपर्छ। हरेक सांसदलाई संसदीय मामिला तपाईंहरूको पहिलो प्राथमिकता हो भन्छौं। संसदीय प्रक्रियामा सहभागिता र भूमिकाका आधारमा कार्यसम्पादन मूल्याङ्कनको विषय बनाइनेछ। यस अधिवेशनमा मन्त्रीको उपस्थिति नभएर बैठक बस्न नसक्ने अवस्था आउन दिनेछैनौं। हरेक सांसदलाई सदन चलेका बेलामा कानून निर्माणमा मात्रै केन्द्रित गराइनेछ। संसद्को बैठक, कोरम र प्रभावकारिताको जस तथा अपजसको भागीदार सत्तापक्ष र प्रतिपक्ष दुवै हुनुपर्छ। अधिकतम उपलब्धि हासिल गर्नेगरी अबको अधिवेशनलाई केन्द्रित गराइनेछ।

**‘संसद्लाई ‘बिजनेश’को अभाव हुँदैन’**

**–श्यामकुमार घिमिरे, प्रमुख सचेतक, नेपाली काङ्ग्रेस**

यो विधेयक अधिवेशन हो। उक्त अधिवेशनबाट २० भन्दा बढी विधेयक पारित गर्ने लक्ष्य राखिएको छ। यो अधिवेशनको मूल लक्ष्य नै विधेयक पारित गर्ने र पूर्वबजेट छलफल हो। यही विषयमा केन्द्रित हुन्छ। संसद्मा प्रतिपक्षीहरू सङ्गठित हुने र आफ्ना विचार राख्ने लोकतन्त्रमा स्वाभाविक प्रक्रिया हो।



यसका बावजूद पनि विधेयक निर्माणमा सहयोग तथा सहकार्य गर्ने नेपाली राजनीतिको स्वाभाविक र असल अभ्यास छ। त्यस कारण विधेयकलाई निष्कर्षमा पुऱ्याउनेमा सबैको सहयोग र समन्वय हुन्छ नै। अध्यादेशबाट जारी भएका विषय तोकिएको समयभित्र सदनबाट पारित गर्नुपर्छ। विचाराधीन विधेयकमाथिको प्रक्रिया तीव्र गतिमा अघि बढेको तथा केही नयाँ विधेयक सरकारले दर्ता गरेकाले पनि यस अधिवेशनमा संसद्ले पर्याप्त मात्रामा ‘बिजनेश’ पाउनेछ।

**‘सरकारले बाटो बिराउन खोजे खबरदारी गरिरहेनछौं’**

**–माधव सापकोटा, सांसद, नेकपा (माओवादी केन्द्र)**

हिउँदे अधिवेशन कानून निर्माणमा केन्द्रित हुनुपर्छ। विद्यालय शिक्षा, सङ्घीय निजामती, प्रहरी विधेयकलगायत विधेयक पाइपलाइनमा छन्। मूलरूपमा संसद् र सांसद विधेयक अधिवेशन भएकाले त्यसैमा लाग्नुपर्छ।



प्रतिपक्षीले सरकारका कामकारबाई र क्रियाकलापलाई लिएर जुन अडान लिइरहेका छन्, सार्वजनिकरूपमैं विपक्षी दलहरूले धारणा सार्वजनिक गरिसकेका छन्। तिनै विषयवस्तु र मुद्दालाई लिएर प्रतिपक्षले सदनमा बहस गर्नेछ। संसदीय समितिमा छलफलका क्रममा रहेका विधेयक फिर्तासमेत नलिई सोही विषयमा गम्भीर प्रकृतिका कानूनहरू अध्यादेशमार्फत जारी गर्ने सरकारको कामप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ।

संसद्लाई छलेर राष्ट्रको दूरगामी भविष्यमा गम्भीर असर पार्ने प्रकृतिका कानूनहरू अध्यादेशमार्फत ल्याइएको, देशमा महँगी र सार्वजनिक ऋण बढेको, आर्थिक क्षेत्र चलायमान हुन नसक्दा आर्थिक परिसूचकहरू सकारात्मक हुन नसकेकालगायत विषयवस्तु प्रखररूपमा उठाइनेछन्। ‘थ्रेसहोल्ड’ या अन्य कुनै नाममा दुई दललाई मात्रै सीमित तुल्याउन नहुने र शान्ति प्रक्रियाका बाँकी कामसँग सम्बन्धित बेपत्ता नागरिकको छानबीन र सत्य निरूपण तथा मेलमिलाप आयोग गठनको प्रक्रिया अवरुद्ध पारिएका विषयमा पनि सदनमार्फत जनतालाई जानकारी गराइनेछ। जनअपेक्षाअनुरूप काम गर्न, महँगी र भ्रष्टाचार नियन्त्रण गर्न तथा अन्तर्राष्ट्रिय सम्बन्ध सन्तुलित राख्न सदैव सरकारलाई खबरदारी गरिरहेनछौं।

**‘जनताको अधिकार सङ्कुचित गरिए बेजोड आवाज उठाउँछौं’**

**–सन्तोष परियार, प्रमुख सचेतक, राष्ट्रिय स्वतन्त्र पार्टी**

एउटा जिम्मेवार प्रतिपक्षका हिसाबले लामो समयदेखि सरकारलाई हामीले मूलतः हिउँदे अधिवेशन शुरू गर्न आग्रह गरिरहेका थियौं। हिउँदे अधिवेशन कानून निर्माणमा केन्द्रित हुने भएकोले सभामुखसँग छलफल गरी समयमैं सदन खोली संविधान कार्यान्वयनसँग सम्बन्धित कानून तर्जुमा गर्न पाए हुन्थ्यो भन्ने धारणा थियो।



सरकारले अलि ढिला गरे पनि हिउँदे अधिवेशन बोलाएको छ। यो स्वागतयोग्य नै छ। रास्वपा सरकार र सदनलाई दुईवटा अङ्गका रूपमा बुझ्छ। सरकारका कामकारबाईको निगरानी र कानून निर्माण गर्ने संसद्को प्रमुख जिम्मेवारी हो। देश र जनताको हितमा आवश्यक पर्ने कानून निर्माणमा सशक्त र प्रभावकारीरूपमा काम गर्छौं। सरकारले गरेका गलत कार्यको संसद्मा बेजोड तरीकाले निगरानी गर्छौं र त्यससम्बन्धी मुद्दा उठाउँछौं। महँगी, बेरोजगारीलगायत नेपाली जनताका मुद्दा सदनमा उठ्नुपर्छ। पछिल्लो समय सत्ताधारी दलका मुख्य सचेतकसँगको अनौपचारिक छलफलमा भएको सहमति अनुसार विषयगत समितिलाई पनि प्रभावकारी ढङ्गबाट अगाडि लैजाने र कानून निर्माण प्रक्रियालाई पनि सहज बनाइनेछ। सदनको गएका चारवटा अधिवेशनमा १२ वटा मात्र विधेयक पारित भएकाले आगामी अधिवेशनलाई कानून निर्माण, जनताको मुद्दा उठाउने, सुशासनको पक्षमा र भ्रष्टाचारका विरुद्धमा सदनमार्फत सरकारको ध्यानाकर्षण गराइनेछ। सरकारको कामको गुण र दोषका आधारमा हाम्रा प्रस्तुति रहन्छन्।

रास्वपाको प्रतिपक्षीय भूमिका विगतमा पनि राम्रो थियो भन्ने लाग्छ। अहिले पनि सदनमा चौथो ठूलो दलका रूपमा प्रतिपक्षमा बसिरहँदा सदन विशेषतः प्रतिपक्षको हो। लोकतान्त्रिक व्यवस्थामा प्रतिपक्ष प्रभावकारी भएन भने सदनको गरिमा घट्छ। जनताका मुद्दाका हिसाबमा राष्ट्रनिर्माणमा सहयोग पुग्ने गरी प्रतिपक्षी चरित्रलाई प्रभावकारी बनाउँछ। कानून निर्माण गर्ने क्रममा रास्वपा प्रतिपक्षमा रहिरहँदा पनि संविधानले व्यवस्था गरेका जनताका अधिकार सुनिश्चित गर्न र राज्य सञ्चालन गर्ने आवश्यक पर्ने कानून बनाउन सत्तापक्षसँग मिलेर काम गर्नेछौं। तर सरकारले जनताको अधिकार सङ्कुचित गर्ने कार्य गर्छ भने सदनमा बेजोड आवाज उठाउँछौं। सदनले सदैव सरकारलाई निगरानीमा राख्छ। सरकार सदनप्रति उत्तरदायी हुनुपर्छ।

**‘संविधान कार्यान्वयनदेखि जनसरोकारका विषय प्राथमिकता बन्नुपर्छ’**

**–प्रभु साह, सांसद, आम जनता पार्टी**

संविधान कार्यान्वयन, प्रदेश र स्थानीय तहका हकअधिकार, सुशासन, शान्ति प्रक्रिया र जनसरोकारका विषयलाई प्राथमिकताका साथ सदनमा उठाइनेछ। संविधान जारी भएको दशक पुग्न लागे पनि अझै त्यससँग सम्बन्धित कानून निर्माण हुन सकेका छैनन्।



अत्यावश्यक कानून नहुँदा सङ्घीयताको प्रभावकारी कार्यान्वयन हुन नसकेको अवस्था छ। सङ्घीय निजामती, विद्यालय शिक्षा, प्रहरीलगायत विधेयक संसदमा विचाराधीन छन्। यी विधेयकलाई जतिसक्दो चाँडो पारित गर्न सरकारको ध्यानाकर्षण गराइनेछ।




**महाकुम्भ मेला हेरेर फर्केका तीर्थयात्री:** महाकुम्भ मेला हेरेर मङ्गलवार मलङ्गवा फर्केका तीर्थालुहरू। भारतको प्रयागराजको त्रिवेणी सङ्गमस्थलमा लागेको महाकुम्भ मेला हेर्न त्यसतर्फ ठूलो सङ्ख्यामा तीर्थयात्री गएका छन्। १३ जनवरीबाट शुरू भएको महाकुम्भ फेब्रुअरी २६ सम्म चल्नेछ। तस्बिरः विश्वनाथ ठाकुर/रासस

## फरक समाचार

# शरीरको हरेक छिद्रबाट रगत बगेर मृत्यु हुने रोग

तपाईंले इबोलाको नाम सुन्नुभएको होला। मारबर्ग रोग इबोलाको सहोदर भाइ हो। यो रोग भाइरसको कारणले हुन्छ। यो रोग यति खतरनाक हुन्छ कि




शरीरको हरेक छिद्रबाट रगत बग्न थाल्छ र बिरामीको मृत्यु हुन्छ। अहिले यस रोगले तान्जानियामा कहर मचाउन थालेको छ। कुल नौजना सङ्क्रमित भएका छन्, जसमध्ये आठजनाको ज्यान गएको छ। यसप्रति चिन्ता व्यक्त गर्दै विश्व स्वास्थ्य सङ्गठनका प्रमुख टेड्रोस एडनोम घेब्रेयससले तान्जानिया जाने मानिसहरूलाई तत्काल चेतावनी दिएका छन्। अहिलेसम्म यो रोगको न त कुनै खोप छ, न त कुनै उपचार नै। सबैभन्दा खतरनाक कुरा यो हो कि यो रोगबाट सङ्क्रमित बिरामीको उपचार गर्ने चिकित्सकहरू पनि प्रभावित हुन्छन्। त्यसैले स्वास्थ्यकर्मी सबैभन्दा बढी जोखिममा छन्।

डेली मेल रिपोर्टका अनुसार विश्व स्वास्थ्य सङ्गठनले तान्जानियाको उत्तर-पूर्वी कागेरा क्षेत्रमा यो रोगको अनुसन्धान गर्न टोली गठन गरेको छ। यस क्षेत्रबाट सबै मामिलाको रिपोर्ट गरिएको छ। चिकित्सकहरूलाई पनि चेतावनी दिंदै बिरामीहरूको उपचार अत्यन्त सावधानीपूर्वक गर्न भनिएको छ।

यस्तै चेतावनी तान्जानियाको छिमेकी देश रूवान्डा र बुरुन्डीका चिकित्सकहरूबाट जारी गरिएको छ। स्थानीय अधिकारीहरूले गत हप्तादेखि मारबर्गबारे चेतावनी जारी गरेका थिए। गत हप्ता मारबर्गबाट सोही क्षेत्रका छजना सङ्क्रमित भएका थिए, जसमध्ये पाँचजनाको मृत्यु भएको छ। विज्ञहरूले गरेको प्रारम्भिक अनुसन्धान अनुसार उनको मृत्यु मारबर्गबाट भएको पुष्टि गरेको छ। डब्ल्युएचओका अधिकारीले जनवरी ११ देखि मारबर्गबाट नौजना सङ्क्रमित भएको र तीमध्ये आठजनाको मृत्यु भएको बताए।

मारबर्ग एक भाइरल रोग हो, जुन इबोला जस्तै हुन्छ तर यसले बारम्बार ज्वरो निम्त्याउँछ अर्थात् ज्वरोसँगै शरीरका छिद्रबाट रगत निस्कन थाल्छ। धेरैजसोको आँखाबाट रगत बग्न थाल्छ। आँखाबाहेक नाक, कान र मुखबाट पनि रगत निस्कन्छ। प्रारम्भिक लक्षणहरूमा ज्वरो आउने, टाउको दुख्ने, खोकी लाग्ने, मांसपेशी दुख्ने, घाँटी दुख्ने, छालामा चाउरीपन आदि पर्छन्। एक/दुई दिन आराम गरेपछि पेट र छाती दुख्ने र त्यसपछि बान्ता, पखाला र चक्कर लाग्ने हुन्छ। अन्ततः शरीरको छिद्रबाट रगत निस्कन थाल्छ।

यो रोग कसरी सर्छ ? भाइरस शरीरका सबै प्रकारका तरल पदार्थमा पाइन्छ। तसर्थ सङ्क्रमित व्यक्तिले आफ्नो शरीर वा कपडाबाट निस्कने तरल पदार्थको सम्पर्कमा आएमा उसलाई पनि मारबर्ग रोग लाग्छ। सङ्क्रमित व्यक्तिको रगत, दिसा, पिसाब, थुक, दूध, वीर्य, योनीको तरल पदार्थको सम्पर्कमा आएमा यो रोग लाग्छ। यो तरल पदार्थ सङ्क्रमित व्यक्तिबाट भुइँमा खस्न सक्छ र कपडामा पनि लाग्न सक्छ। त्यसैले त्यहाँ छुनुको अर्थ मारबर्गबाट सङ्क्रमित बन्नु पनि हो। यस कारणले यसले चिकित्सक र स्वास्थ्यकर्मीहरूलाई पनि सङ्क्रमित गर्छ।

यो रोग कहाँबाट फैलियो ? डब्ल्युएचओले मारबर्ग रोगबाट मृत्युदर ८८ प्रतिशत रहेको बताएको छ। यसको अर्थ १० सङ्क्रमितमध्ये नौजनाको मृत्यु हुने निश्चित छ। रूवान्डाले हालै मारबर्गको खतराबाट मुक्त भएको घोषणा गरेको थियो। त्यसपछि यो रोगले तान्जानियामा ताण्डव मचाउन थाल्यो। हालसम्म रूवान्डामा मारबर्गबाट ६६ जना सङ्क्रमित भएका छन्, जसमध्ये ८० प्रतिशत स्वास्थ्यकर्मी छन्। मारबर्ग रोग पुरानो हो तर यो सन् २०२३ मा नयाँ शिराबाट शुरू भयो। सन् २०१२ मा युगान्डामा यस रोगका कारण १५ जनाको मृत्यु भएको थियो। २००४–२००५ को बीच, अङ्गोलामा यस रोगबाट २५२ जना सङ्क्रमित भएका थिए, जसमध्ये २२७ जनाको मृत्यु भएको थिया। प्रजातान्त्रिक गणतन्त्र कङ्गोमा सन् १९९८ देखि २००० सम्म १२८ जनाको मृत्यु भएको थियो। यो रोग जर्मनी र युगोस्लाभियामा सन् १९६७ मा देखिएको थियो, जसमा ३१ जनाको मृत्यु भएको थियो।

# सन्तान जन्मेपछि सम्बन्धमा हुने समस्या

हालै थाइल्यान्डको पटाया शहरमा हृदयविदारक घटना भएको छ। भारतको लखनऊबाट बिदा मनाउन पटाया गएका चिकित्सकले पत्नीको हत्या गरेका छन्। घटना त्यति बेला भएको थियो, जब चिकित्सक दम्पती छुट्टी मनाउन पटायाको एउटा होटलमा बसिरहेका थिए। मृतकका पिताले छोरीको बिहेबारे एउटा कुरा खुलासा गरेका छन्।



उनले सन् २०१७ मा दुवैजनाले प्रेम विवाह गरेको बताए। पहिलो चार वर्षमा सबै सामान्य थियो तर सन् २०२१ मा छोरो जन्मिएपछि सम्बन्ध चीसो हुन थाल्यो। त्यसपछि दुवैबीच झगडा बढ्न थालेको महिलाका पिताले बताए।

बच्चा जन्मेपछि प्रायः अधिकांश दम्पतीमा पति आक्रामक मनोवृत्ति हुने गरेक छन्। यस्तो अवस्थामा प्रश्न उठ्छ यसको कारण के हुन सक्छ ?

सन्तान जन्मेपछि अचानक परिवारको जिम्मेवारी बढ्छ। नयाँ जिम्मेवारीहरूको दबावले पतिको व्यवहार चिडचिडा वा आक्रामक हुन सक्छ। बच्चा जन्मेपछि पत्नीले बच्चाप्रति बढी ध्यान दिन्छन्। जसका कारण पतिले आफूलाई बेवास्ता गरेको महसुस गर्छन्। र पुरूषको व्यवहारमा परिवर्तन आउन सक्छ।

नवजात शिशुको हेरचाह गर्दा रातिको निद्रामा बाधा पुग्छ, जसले मानसिक र शारीरिक थकान निम्त्याउँछ। यो थकानले पतिको स्वभावलाई आक्रामक बनाउँछ। केही पुरूषहरू बच्चा जन्मेपछि एक्लो वा कम महत्वपूर्ण महसुस गर्छन्। जसले गर्दा उनीहरूको व्यवहारमा आक्रामकता देखिन्छ।

सन्तान जन्मेपछि पतिपत्नीबीचको संवादमा कमी आउँछ। यसले गलतफहमी बढाउँछ र आक्रामक व्यवहार निम्त्याउँछ। कहिलेकाही पतिको आक्रोशको कारण मानसिक स्वास्थ्य वा व्यक्तिगत समस्याहरू जस्तै तनाव, डिप्रेसन।

यस्तो भएपछि पति–पत्नीले खुलेर कुराकानी गर्नुपर्छ। एकअर्काको लागि समय निकाल्नुपर्छ। आवश्यक परेमा परिवारका सदस्य वा सल्लाहकारको सहयोग लिनुपर्छ। दुवैले एकअर्काको भावना बुझ्ने प्रयास गर्नुपर्छ। बच्चाको हेरचाह र घरायसी काममा एकअर्कालाई सहयोग गर्नुपर्छ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## अफगान तालिबान सरकारद्वारा अमेरिकासँग कैदी आदानप्रदानको घोषणा



तालिबान लडाकूहरू । तस्वीरः एएफपी

काबुल, ८ माघ/एएफपी

तालिबान सरकारले मङ्गलवार कतारको मध्यस्थतामा अमेरिकी कैदीहरूको बदलामा एक अफगान कैदीको रिहाइ भएको घोषणा गरेको छ ।

"अमेरिकामा बन्दी बनाइएका अफगान लडाकू खान मोहम्मदलाई अमेरिकी नागरिकको बदलामा रिहा गरी देश फिर्ता गरिएको छ"–अफगान विदेश मन्त्रालयले एक विज्ञप्तिमा जनाएको छ।

मन्त्रालयका अनुसार मोहम्मद करीब दुई दशक अघि अफगानिस्तानको पूर्वी नङ्गरहार प्रान्तमा पक्राउ परेपछि क्यालिफोर्निया राज्यमा आजीवन कारावासको सजाय भोगिरहेका थिए ।

एएफपीले सोधेको प्रश्नमा विदेश मन्त्रालयले थप विवरण वा अमेरिकी कैदीहरूको सङ्ख्या खुलाउन अस्वीकार गरेको छ ।

यो घोषणा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको शपथ ग्रहणको भोलिपल्ट आएको हो । ट्रम्पले आफ्नो पहिलो कार्यकालमा तालिबानसँग सम्झौता गरेका थिए र उक्त सम्झौताले सन् २०२१ मा अफगानिस्तानबाट अमेरिकी सेना फिर्ता हुने र तालिबानीलाई सत्तामा पुनर्बहाली हुने मार्ग प्रशस्त गरेको थियो ।

नोभेम्बरमा ट्रम्पको चुनावी विजयपछि तालिबान सरकारले संयुक्त राज्य अमेरिकासँग सम्बन्धमा 'नयाँ अध्याय'को आशा गरेको बताएको थियो ।

तालिबान सरकारले मङ्गलवार यो आदानप्रदानलाई 'वार्ताको माध्यमबाट मुद्दाहरू समाधान गर्ने राम्रो उदाहरण' भन्दै यस सन्दर्भमा भ्रातृ देश कतारको प्रभावकारी भूमिकाका लागि विशेष कृतज्ञता व्यक्त गरेको छ ।

"अफगानिस्तान संयुक्त राज्य अमेरिकाका ती कार्यहरूलाई सकारात्मक रूपमा हेर्छ, जसले दुई देशबीचको सम्बन्धको सामान्यीकरण र विस्तारमा योगदान पुऱ्याउँछ"–मन्त्रालयले भनेको छ। रासस

## ट्रम्प गाजा सम्झौता कायम रहने विषयमा अविश्वस्त

वाशिङ्टन, ८ माघ/एएफपी

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सोमवार आफ्नो शपथ ग्रहण अघि युद्धविरामका लागि गरिएको कूटनीतिको प्रशंसा गर्दै गाजामा युद्धविराम सम्झौता हुने कुरामा आफू विश्वस्त नरहेको बताएका छन् ।

"म विश्वस्त छैन"–ह्वाइट हाउस फर्किँदा एक पत्रकारले दुवै पक्षले युद्धविराम कायम राख्ने र सम्झौतामा अघि बढ्नेबारे सोध्दा उनले भने–"यो हाम्रो युद्ध होइन; यो उनीहरूको युद्ध हो। तर म विश्वस्त छैन ।"

तथापि ट्रम्पले सन् २०२३ अक्टोबर ७ मा इजरायलमा भएको अभूतपूर्व आक्रमणबाट शुरू भएको युद्धमा हमास 'कमजोर' भएको विश्वास गरेको बताए। "मैले गाजाको एउटा तस्वीर हेरें"–उनले भने–"गाजा एक विशाल विध्वंसस्थल जस्तै छ।"

सम्पत्ति व्यवसायीबाट लोकप्रिय राजनीतिज्ञ बनेका ट्रम्पले योजना अघि बढेमा गाजाले एक 'अद्भुत' पुनर्निर्माण देख्न सक्ने बताए ।

"यो समुद्र किनारमा रहेको एक अद्भुत स्थान हो, उत्कृष्ट मौसम छ । तपाईंलाई थाहा छ, सबै कुरा राम्रो छ। योजस्तो केही सुन्दर कुराहरू त्यहाँ गर्न सकिन्छ"–उनले भने।

इजरायल र हमासले आइतवार बन्दी र कैदीहरूको आदानप्रदान समावेश भएको युद्धविराम सम्झौता कार्यान्वयन गर्न थालेका छन् ।

यो योजना शुरूमा तत्कालीन राष्ट्रपति जो बाइडेनले मे महीनामा प्रस्तुत गरेका थिए र बाइडेन तथा ट्रम्पका दूतहरूको असामान्य संयुक्त कूटनीतिपछि यसलाई अघि बढाइएको थियो ।

सम्झौताका लागि दबाब दिँदै ट्रम्पले इजरायललाई दृढतापूर्वक समर्थन गर्ने पनि स्पष्ट पारेका छन् ।

आफ्नो पहिलो कार्यहरूमध्ये एकमा उनले प्यालेस्टिनीहरूविरुद्ध आक्रमणलाई लिएर बाइडेन प्रशासनले वेस्ट बैंकमा कट्टरपन्थी इजरायली बसोवास गर्नेहरूमाथि लगाएको प्रतिबन्ध खारेज गरे । रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – यात्रालाभ | वृष – कडापरिश्रम |
| मिथुन – कार्यनाश | कर्कट – भयचिन्ता |
| सिंह – राज्यलाभ | कन्या – कान्तिक्षय |
| तुला – सुयश | वृश्चिक – खर्चवृद्धि |
| धनु – धनलाभ | मकर – सफलता |
| कुम्भ – अलमल | मीन – रोगभय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## डोनाल्ड ट्रम्प ४७औं अमेरिकी राष्ट्रपति रूपमा शपथ ग्रहण

वाशिङ्टन, ७ माघ/सिन्ह्वा

डोनाल्ड ट्रम्पले ४७औं अमेरिकी राष्ट्रपतिको रूपमा शपथ ग्रहण गरेका छन् । शपथ ग्रहण गरेपछि उनले "अमेरिकालाई एक शक्तिशाली र समृद्ध राष्ट्रको रूपमा पुनः उभ्याउने" आफ्नो योजना रहेको बताए । उनले राष्ट्रको भविष्यको प्रगतिको लागि कडा प्रयास गर्ने र अमेरिकालाई नयाँ उच्चतामा पुऱ्याउने प्रतिबद्धता व्यक्त गरे ।

ट्रम्पले शपथ ग्रहण समारोहमा अमेरिकाका नागरिकलाई एकताबद्ध भएर काम गर्न आह्वान गरे । यो नयाँ युग अमेरिकाको आर्थिक र सामाजिक सुधारसँगै राजनीतिक क्षेत्रको नयाँ दिशा तय गर्ने समय हो । यस समारोहले अमेरिकी लोकतन्त्रको महत्त्वलाई पुनः प्रमाणित गर्दै देशको आगामी यात्रा र नेतृत्वको एक नयाँ अध्याय शुरू गरेको छ । रासस

## निर्माण सामग्रीको मूल्यवृद्धिबारे जवाफ मागिने

काठमाडौं, ८ माघ/रासस

प्रतिनिधिसभा अन्तर्गतको सार्वजनिक लेखा समितिले पछिल्लो समय सिमेन्ट, छडलगायत निर्माण सामग्रीको मूल्य बढ्नुको कारणबारे उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयसँग जवाफ माग्ने भएको छ ।

समितिको मङ्गलवारको बैठकमा अधिकांश सांसदले निर्माण सामग्रीमा अचाक्ली मूल्यवृद्धि भएको विषय उठाएका थिए । बैठकपछि समिति सभापति ऋषिकेश पोखरेलले सिमेन्ट, छडलगायत वस्तुको मूल्यवृद्धिबारे मन्त्रालयलाई बुधवार छलफलमा बोलाउन निर्देशन दिए ।

समितिमा परेका उजूरीहरूको प्राथमिकता निर्धारण गर्ने र बढी महत्त्वपूर्ण उजूरीलाई समितिमा चाँडो पेश गर्नका लागि ती उजूरीको अध्ययन गर्न सांसद सञ्जयकुमार गौतमको संयोजकत्वमा सात सदस्यीय उपसमिति गठन गर्ने निर्णय आजको बैठकले गरेको छ ।

समितिले विभिन्न समयमा सरकारसँग माग गरेका अध्ययन प्रतिवेदन हालसम्म प्राप्त नभएकाले पुनः माग गर्ने, रासायनिक मलको अभाव भएको विषयमा सरकारको ध्यानाकर्षण गराउने, हुलाकी राजमार्गलगायत विभिन्न सडकखण्डको काममा ढिलाइ भएको विषयमा सम्बन्धित निकायलाई ध्यानाकर्षण गराउने निर्णय पनि आजको बैठकले गरेको सभापति पोखरेलले बताए ।

## निकुञ्ज हुँदै यात्रा गर्दा सावधानी अपनाउन आग्रह

चितवन, ८ माघ/रासस

चितवन राष्ट्रिय निकुञ्जले साँझको समयमा कसरा हुँदै जाने बाटो प्रयोग गर्दा सावधानी अपनाउन आग्रह गरेको छ । विगत केही दिनदेखि यस क्षेत्रमा जङ्गली हात्ती ध्रुवे देखिएकाले साँझ ५ बजेपछि यात्रा गर्दा समूहमा मात्रै गर्न निकुञ्जले अनुरोध गरेको हो ।

निकुञ्जका सूचना अधिकारी अविनाश थापामगरका अनुसार साँझ परेपछि दुई पाङ्ग्रे सवारीसाधनमा यात्रा गर्नेलाई सामूहिकरूपमा मात्र पठाउने गरिएको छ। उनले भने, "निकुञ्ज हुँदै कसराको बाटो प्रयोग गर्नेलाई साँझ ५:३० बजेपछि एक्लै यात्रा नगर्न अनुरोध गरेका छौं ।" समूहमा यात्रा गर्न या ठूला सवारीसाधनको पछि मात्रै यात्रा गर्न अनुरोध गरिएको उनले जानकारी दिए। ध्रुवे हात्ती निकुञ्ज मुख्यालय क्षेत्र र कसरा सडक क्षेत्रमा रहेकाले सतर्कता अपनाउन निकुञ्जले अनुरोध गरेको छ।

भरतपुर–माडी दैनिक दुई पाङ्ग्रे पाँच सय तथा चार पाङ्ग्रे दुई सयवटा सवारीसाधन गुड्ने गरेका छन्। साँझपख बढीजसो दुई पाङ्ग्रे सवारीसाधन गुड्ने गरेका छन् । सडक छेउछाउ हात्तीले आक्रमण गर्न सक्ने भएकाले यात्रा गर्दा सतर्कता अपनाउन अनुरोध गरिएको सूचना अधिकारी थापामगरले बताए ।

### निश्शुल्क ...

विद्यासागर पटेलले बताए ।

विकास समितिमा कोषाध्यक्ष दीपेन्द्र पटेल, सचिव रामबहादुर पटेल, सल्लाहकार समितिमा मोहन पटेल, छोटेलाल पटेल, नगिना पटेल, शुभनारायण यादव, अरुणकुमार साहलगायत रहेका छन् ।



### मिटरब्याजपीडितको ...

पत्रकार सम्मेलनमा इर्शादबाट पीडित वीरगंज–१८ इनर्वा मनियारी निवासी ६० वर्षीय रामप्रसाद कुर्मीले आफूलाई हृदयघात भएपछि उपचारको लागि इर्शादसँग १० लाख लिएर दुई कट्ठा आठ धुर जग्गा दिएको बताए । उनले आफ्नो नामको जग्गा इर्शादले राजबुन खातुनको नाममा गराएको र पछि सोही जग्गा राजबुन खातुनबाट भगवान सिंहको नाममा दृष्टिबन्धक गराएको बताए ।

दुई करोड थैली राखेर दृष्टिबन्धक गरेको हुँदा आफू मर्कामा परेको उनले बताए । १० लाख ऋण लिएको र दुई करोडको चपेटमा पारेको भन्दै उनले न्याय हुनुपर्ने माग गरेका छन् ।

गाउँमा पञ्चायती भएपछि इर्शादले ५० लाख र १५ लाखका दुईवटा चेक दिएको तर निजको खाता रित्तो रहेको र प्रहरीमा उजूरी गर्दा सुनवाइ नगरेको आरोप लगाए । उनले प्रहरीले कमिशन माग गरेको र आफ्नो कुरा नसुनेको गुनासो गरे ।

प्रहरीले मिटरब्याजमा मुद्दा दर्ता गरेको छ तर महीना बितिसक्दा पनि सुनवाइ नभएको उनीहरूले गुनासो गरे। मिटरब्याज शाखामा जाँदा प्रहरीले भगाउने र यहाँबाट केही हुँदैन, अदालत जान भनेको कुर्मी र खातुनले आरोप लगाए ।

यसबारेमा जिल्ला प्रहरी कार्यालय, पर्सा अन्तर्गतको मिटरब्याज शाखाका प्रहरी नायब निरीक्षक रामप्रवेश भारतीले यो घटनामा जिल्ला प्रशासन कार्यालय, पर्सामा सहमति भएको हुन सक्ने बताए। जिल्ला प्रहरीमा भने पीडक भनिएकामध्ये एकाधजना आउने गरेको र यससम्बन्धी फाइलको आफूले गहन अध्ययन गर्न नसकेको बताए ।

### "विदेशको ....

परिवारलाई सहयोग गरेको देखेसुनेको छु"–उनले भने–"मलाई पनि केही गर्ने चाहना छ। आफूसँग लगानी छैन। कसैले कतैबाट सहयोग गरिदिए समाजको उदाहरणीय पात्र बन्ने थिएँ।"

पौडेलले वैदेशिक रोजगार विभागबाट पाउने छात्रवृत्ति पनि नपाएको गुनासो गरे। वैदेशिक रोजगारमा अङ्गभङ्ग भएका वा ज्यान गुमाउनेका बालबालिकाले उच्च शिक्षासम्म पठनपाठनका लागि छात्रवृत्ति पाउने व्यवस्था भए पनि आफूले नपाएको उनले बताए । "छात्रवृत्ति पाइन्छ भन्ने थाहा पाएपछि कागजात लिएर गएको थिएँ"–उनले भने–"तपाईंको बीमाबापतको रकम पूरा भएको छैन, पाउनुहुन्न भनेपछि फर्किएँ। त्यत्ति पाएको भए पनि छोरीको पठनपाठनका लागि थपथाप हुने थियो।"

पौडेलकी आठ वर्षकी छोरी गाउँ नजीकै एउटा विद्यालयमा बाल कक्षामा अध्ययन गर्छिन् भने पत्नीले आफू र छोरीको स्याहारपछि बाँकी समय पशुवस्तु र खेतीपाती गरेर दुई छाकको जोहो गरिरहेको उनले बताए। कक्षा ९ सम्म अध्ययन गरेकी सविना पौडेलले पति शारीरिकरूपमा अशक्त भए पनि आफूले अवसर पाए छोरी र पतिका लागि सहारा बनेर गुजारा गर्ने वातावरण बन्ने बताइन्।

स्थानीय तहसँग आवश्यक सहयोगका लागि पटकपटक ताकेता गरेको उनले बताए। मैले कार्यालय सहयोगीको कामका लागि फारम पनि भरें । खै के भयो काम भएन। कुनै व्यावसायिक तालीम र लगानी पाए काम गर्ने थिएँ। यसरी विभिन्न दुर्घटनामा परेर समस्यामा परेकालाई सहज जीवन गुजाराका लागि स्थानीय सरकारले केही व्यवस्था गर्नुपर्ने उनको माग छ।

उक्त वडाका अध्यक्ष दुर्गाबहादुर आलेले वडामा त्यस्तो कुनै बजेट नहुने बताए। यस्ता विपन्न नागरिकका लागि नगरपालिकाले नै आयआर्जनका कार्यक्रममा समेट्ने गरेको छ। "वडामा त्यस्तो योजना तथा बजेट हुँदैन"–उनले भने–"यस्तो अवस्थामा नगरले नै व्यवस्थापन गर्ने गरेको छ। म पनि पहल गरिरहेको छु। हेरौं केही गर्न सकिन्छ कि ?" प्रधानमन्त्री रोजगार तथा अन्य सहयोगको लागि पनि सोचिरहेको उनले बताए।

## भाखा नाघेको कर्जा बुझाउनेबारे कृषि विकास बैंक लि.को २१ दिने सूचना

सूचना प्रकाशित मितिः २०८१/१०/०९

यस बैंकको तपसिलको कार्यालयबाट तपसिलबमोजिमका व्यक्ति/फर्म/कम्पनीहरूले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाइ भाखा नाघी निम्न लेखिए अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनुपर्ने कर्जाको साँवा, ब्याज तथा बैंकले पाउनुपर्ने अन्य रकमसमेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ । उल्लिखित मितिभित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन २०७३, कृषि विकास बैंक लि.को कर्जा असुली कार्यविधि तथा प्रचलित ऐन नियमबमोजिम कर्जा लिंदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरिने बेहोरासमेत जानकारी गराउँछौं । साथै तपसिलबमोजिमका व्यक्ति/फर्म/कम्पनीहरूलाई बैंकबाट कर्जा लिन मन्जुरीनामा दिने व्यक्तिहरूलाई समेत यसै सूचनाद्वारा कर्जा बुझाउन जानकारी गराइएको छ ।

**सम्बन्धित कार्यालयः कृषि विकास बैंक लि., शाखा सखुवाप्रसौनी, पर्सा ।**

| क्र.सं. | कर्जा ग्राहकको नाम | ठेगाना | बाजे/ससुराको नाम | ग्राहकको पिता/पतिको नाम | उद्देश्य | साँवा रकम रु. | मिति २०८१/०९/२९ सम्मको ब्याज तथा लेना बाँकी | जम्मा तिर्नुपर्ने रकम | धितो मन्जुरीनामा दिने/जमानत बस्नेको नाम |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | नन्द किराना पसल (प्रो धर्मराज ठाकुर लोहार) | मसिहानी–८, पर्सा | कवल ठाकुर लोहार | शङ्कर ठाकुर लोहार | व्यापार कर्जा | १,०००,००० | ४५,८१० | १,०४५,८१० | लालसादेवी लोहरिन |
| २ | सनी पशुपालन कृषि फर्म (प्रो रामशिलादेवी यादव) | जगरनाथपुर–३, पर्सा | सत्यनारायण राउत अहिर | जगनप्रसाद यादव | सहुलियतपूर्ण कर्जा | २,५००,००० | ८९,०३९ | २,५८९,०३९ | जगनप्रसाद यादव |
| ३ | अनुष्का कुखुरा सप्लायर्स (प्रो मुकेश महतो थारू) | जगरनाथपुर–४, पर्सा | करिमन महतो थारू | भगौती महतो थारू | व्यापार कर्जा | १,२००,००० | ८१,२२५ | १,२८१,२२५ | |
| ४ | शेषनाथ साह रौनियार बनिया | जगरनाथपुर सिरा–३, पर्सा | बालदेव सा रौनियार | लक्ष्मी सा रौनियार बनिया | बेचबिखन | ९००,००० | ४१,७१२ | ९४१,७१२ | |

कृषि विकास बैंक लि. प्रदेश कार्यालय, वीरगंज, पर्सा ।



इलाका प्रहरी कार्यालय, पटेर्वासुगौलीले मङ्गलवार बिहान अवैधरूपमा गिट्टी, बालुवा उत्खनन गरी ओसारपोसार गरिराखेको अवस्थामा जीराभवानी गाउँपालिका–५ भलुवाही खोलाबाट ट्याक्टर नियन्त्रणमा लिएको छ ।

तस्वीर: प्रमोद यादव/प्रतीक

# सशस्त्र प्रहरी दिवसको अवसरमा रक्तदान

प्रस, वीरगंज, ८ माघ/

२४औं सशस्त्र प्रहरी दिवसको अवसरमा सशस्त्र प्रहरी बल नेपाल नं ४० रिजर्भ गण हेडक्वार्टर बारा, पिलुवाले आयोजना गरेको रक्तदान कार्यक्रममा २३ जनाले रक्तदान गरेका छन् ।



रक्तसञ्चार केन्द्र, वीरगंजका प्राविधिक जीतेन्द्र कुशवाहाले मङ्गलवार आयोजित रक्तदान कार्यक्रममा डम्बरबहादुर केसी, गोविन्द देउला, कारी ठाकुर, नीरज वाग्ले, विपना बरामु, सुजीतमान राई, दिलीप लामा, सुमन मगर, कृष्ण पण्डितलगायतले रक्तदान गरेको बताए ।


## अनलाइन ठगी हुनबाट बचौं

- अपरिचित नम्बर वा आइडीबाट फोन वा म्यासेजमा प्रलोभन देखाएर ठगी हुन सक्छ,
- अपरिचित व्यक्तिलाई आफ्नो इमेल वा अन्यको पासवर्ड, बैंकको युजर जस्ता संवेदनशील सूचना नदिऔं,
- बलियो पासवर्ड राखौं र समयसमयमा परिवर्तन गरौं,
- आफ्ना सम्पूर्ण व्यक्तिगत विवरणको उचित संरक्षण गरौं,
- अनलाइन ठगी भएको वा हुन लागेको पाइएमा त्यसविरुद्ध नेपाल प्रहरी तथा साइबर ब्युरोमा उजूरी वा जानकारी गराऔं,
- अनलाइन ठगीबारे सबैलाई जागरूक गराऔं,
- अनलाइन ठगी साइबर अपराध हो, यसबाट आफू पनि जोगिऔं र अरूलाई पनि जोगाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड







## गढीमाई मन्दिर तोडफोड गर्नेलाई कारबाईको माग

प्रस, वीरगंज, ८ माघ/

नेपाल जनता पार्टी, बाराले मङ्गलवार बाराका प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र बुझाउँदै गढीमाई मन्दिर तोडफोड गर्नेहरूलाई कारबाईको माग गरेको छ ।



पार्टीका वरिष्ठ नेता सन्तोषानन्द महाराज नेतृत्वको टोलीले प्रमुख जिल्ला अधिकारी वसन्त अधिकारीलाई ज्ञापनपत्र बुझाउँदै आपराधिक मानसिकता बोकेका व्यक्तिहरूले योजना बनाइ गढीमाई मन्दिरमा तोडफोड गरेको घटनाको भर्त्सना गरेको छ ।

ज्ञापनपत्र बुझाउने टोलीमा केन्द्रीय सदस्यहरू प्रह्लाद साह कलवार, गोपाल दास, पारस द्विवेदी, अरुण चौधरी, बारा जिल्ला अध्यक्ष कृष्ण शुक्लालगायतको सहभागिता थियो ।

## बसको ठक्करबाट एकजनाको मृत्यु

प्रस, वीरगंज, ८ माघ/

तेजस एकेडेमीको बसको ठक्करबाट मङ्गलवार एकजना साइकलयात्रीको मृत्यु भएको छ । मृत्यु हुनेमा बाराको फेटा गाउँपालिका–५ का ४५ वर्षीय तैमुद्दीन मियाँ रहेको प्रहरीले जनाएको छ ।

वीरगंज महानगर–१६ सडकखण्डमा तेजस एकेडेमीको ना.५ख १५०४ नम्बरको बसले साइकलयात्री मियाँलाई ठक्कर दिंदा उनको घटनास्थलमैं मृत्यु भएको वडा प्रहरी कार्यालय, बिर्ताका प्रहरी निरीक्षक निरोज चौलागाईंले बताएका छन् ।

ठक्कर दिने बस र चालक देवा पासवानलाई नियन्त्रणमा लिएर अनुसन्धान भइरहेको प्रनि चौलागाईंले बताएका छन् ।

# खेलकूदको संसार

## एनआई कप: सेन्ट जेभियर्स र नेशनल इन्फोटेक विजयी




प्रस, परवानीपुर, ८ माघ/

नारायणी रङ्गशालाको क्रिकेट मैदानमा जारी नेशनल इन्फोटेक कप क्रिकेट प्रतियोगिता अन्तर्गत मङ्गलवार दुईवटा खेल सम्पन्न भएका छन् ।



तस्वीर: सजल श्रेष्ठ

पहिलो खेलमा सेन्ट जेभियर्स र अल्पाइन मावि भिडेका थिए । जसमा सेन्ट जेभियर्स ५९ रनले विजयी भएको थियो । पहिला ब्याटिङ गर्दै १९.३ ओभरमा १० विकेटको क्षतिमा सेन्ट जेभियर्सले ११८ रन बनाएको थियो । ११९ रनको लक्ष्य लिएर जवाफी ब्याटिङ गरेको अल्पाइन मावि १३ ओभरमा ५९ रनमा सीमित भयो । उक्त खेलको 'म्यान अफ दी म्याच' सेन्ट जेभियर्सका २० रनको योगदान दिएका इमरान अन्सारी घोषित भए ।

यसैगरी, दोस्रो खेलमा नेशनल इन्फोटेक कलेजले ९६ रन अन्तरले हेटौंडा स्कूल अफ म्यानेजमेन्टलाई पराजित गरेको छ । पहिला ब्याटिङ गर्दै नेशनल इन्फोटेकले २० ओभरमा पाँच विकेटको क्षतिमा १३८ रन बनाएको थियो भने हेटौंडा स्कूल अफ म्यानेजमेन्टले १३.२ ओभरमा मात्र ४२ रनमा सबै विकेट गुमाएको थियो । उक्त खेलको 'म्यान अफ दी म्याच' एनआईका सलमान मन्सुर भएका थिए । उनले हेटौंडा स्कूल अफ म्यानेजमेन्टको तीन विकेट लिएका थिए ।

## माघ १० गतेदेखि अन्तरविद्यालय बाल फूटबल प्रतियोगिता

प्रस, वीरगंज, ८ माघ/

गौतम माविले ४८औं वार्षिकोत्सवको अवसरमा माघ १०–१५ गतेसम्म अन्तरविद्यालय बाल फूटबल प्रतियोगिता गर्ने जनाएको छ ।

गौतम माविका अध्यक्ष गणेश क्षत्रीको अध्यक्षतामा मङ्गलवार आयोजना गरिएको पत्रकार सम्मेलनमा जिल्ला प्रहरी कार्यालय, पर्साको खेलमैदानमा आयोजना हुने सो प्रतियोगितामा १५ वटा विद्यालय सहभागी हुने बताइएको छ ।

तस्वीर: प्रतीक




प्याब्सन वीरगंज महानगरपालिकाका अध्यक्ष राहुल श्रीवास्तवले प्रतियोगिता सफलताको शुभकामना दिंदै फागुनको पहिलो सातादेखि प्याब्सनले पनि अन्तरविद्यालय फूटबल प्रतियोगिता आयोजना गर्ने बताए ।

अन्तरविद्यालय बाल फूटबल प्रतियोगिताका विजेता तथा उपविजेता टीमले ट्रफी र प्रमाणपत्रलगायत पुरस्कारको व्यवस्था गरिएको पत्रकार सम्मेलनमा जानकारी गराइएको थियो ।

## प्रधानमन्त्री कप महिला क्रिकेट : आर्मीको दोस्रो जीत, कोशी पराजित

कैलाली, ८ माघ/रासस

प्रधानमन्त्री कप टी–२० महिला राष्ट्रिय क्रिकेट प्रतियोगितामा त्रिभुवन आर्मी क्लबले दोस्रो जीत निकालेको छ । धनगढीस्थित फाप्ला क्रिकेट मैदानमा मङ्गलवार भएको खेलमा आर्मीले कोशी प्रदेशलाई नौ विकेटले हराएको हो । जीतसँगै आर्मी क्लब 'सुपर फोर'नजीक पुगेको छ ।



टस हारेर पहिला ब्याटिङ गरेको कोशीले सात ओभरमा पाँच विकेटको क्षतिमा ३६ रन बनायो । उसका लागि स्मृति कटुवालले १४ रन बनाउनुबाहेक अन्यले दोहोरो अङ्कमा रन जोड्न सकेनन् । बाक्लो हुस्सुका कारण निर्धारित समयभन्दा ढिला शुरू हुँदा खेल २० ओभरबाट सातमा झारिएको थियो ।

बलिङतर्फ आर्मीका लागि 'प्लेयर अफ दी म्याच'समेत भएकी ममता चौधरीले तीन तथा सुस्मिता भुसालले दुई विकेट लिइन् ।

आर्मी क्लबले ३७ रनको विजयी लक्ष्य छ दशमलव दुई ओभरमा एक विकेटको क्षतिमा पूरा गर्‍यो । उसका लागि सम्झना खड्काले अविजित ३२ रनको पारी खेलिन् ।

यही माघ १ गतेदेखि शुरू भएको प्रतियोगितामा नौ टोलीको सहभागिता छ । प्रतियोगिताको उपाधि जित्नेले रु पाँच लाख, दोस्रो हुनेले रु तीन लाख, प्लेयर अफ दी सिरिजलाई रु ५० हजार तथा उत्कृष्ट ब्याटर र उत्कृष्ट बलरलाई जनही रु २५ हजार पुरस्कार दिइनेछ ।